# पहिलो परिच्छेद

# परिचय

## १.१ विषय शीर्षक

यस अध्ययन पत्रको शीर्षक काहुँ गा.वि.स.मा प्रचलित तिजे गीतको अध्ययन रहको छ ।

## १.२ अध्ययन प्रयोजन

यो अध्ययन पत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय पृथ्वीनारायण क्याम्पस नेपाली विभाग अन्तर्गत स्नाकोत्तर तह दोस्रो वर्षको दसौ पत्र (५१०-६) लोक साहित्य अन्तर्गत पचास (५०) पूर्णाङ्कको प्रयोगात्मक पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषय परिचय

नेपाल राज्यको ठीक मध्येभागमा अवस्थित पश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकाम नेपालको दोस्रो राजधानी तथा सुन्दर पर्यटकीय नगर पोखरासँग सिमाना जोडिएर यसैको पुर्वोत्तर भागमा रहेको काहुँ गा.वि.स.जम्मा ६.५ वर्ग.कि.मि.क्षेत्रफलमा समुद्र सतहको ६७५ देखि १४४३ मि सम्मको उचाइमा अवस्थित छ । भौगोलिक रुपमा एउटा थुम्को जस्तो आकारमा रहेको यस काहुँ गा.वि.स. २८ं२५ उत्तरी अक्षांश देखि २८ं३० उत्तरी अक्षाशसम्म तथा ८४ं०० पूर्वी देशान्तर देखि ८४ं२२ पूर्वी देशान्तरसम्म रहेको छ । साथै पूर्वमा आर्वाविजय गा.वि.स., उत्तरमा भलाम गा.वि.स. र पश्चिम र दक्षिणमा पोखरा उ.म.न.पा.सगँ सिमाना जोडिएको छ । कास्की जिल्लामा रहेको दुई नगरपालिका तथा ४३ गा.वि.स. हरुको आ-आफ्नै परिचय र विशेषता रहेका छन् र यसै समूहमा आफ्नो छुट्टै र विशेष विशेषता बोकेको यस काहूँ गा.वि.स. को आफ्नै पहिचान र इतिहास रहेको पाइन्छ ।

## १.४ समस्या कथन

प्रस्तुत अध्ययन पत्रसगँ देहाए बमोजिमका समस्याहरु रहेका छन् ।

क) काहुँ गा.वि.स को परिचय के हो ?

ख) काहुँ क्षेत्रमा के कस्ता प्रकारका तीजेगीतहरु प्रचलित छन् ?

ग) काहुँ क्षेत्रमा प्रचलित तिजेगीतमा के कस्ता प्रवृतिहरु भेट्टाउन सकिन्छ ?

## १.५ उद्देश्य कथन

उल्लेखित अध्ययन समस्या प्रश्नहरुको समाधान गर्नु नै यस अध्ययन पत्रको उद्देश्य (कथन) हुनेछ । उद्देश्य कथन देहाय बमोजिम रहेको छ ।

क) काहुँ गा.वि.स.को परिचय प्रस्तुत गर्नु,

ख) काहुँ क्षेत्रमा प्रचलित तीज गीतको अध्ययन र वर्गीकरण गर्नु,

ग) काहुँ क्षेत्रमा प्रचलित तीज गीतको विश्लेषण गर्नु,

## १.६ पूर्वकार्यको समिक्षा

लोकसाहित्य जीवनको दर्पण हो । यसमा लोक जनजीवनमा हाँसो,रोदन,सुख,दुःख,सामाजिक आर्थिक एवं प्राकृतिक प्रभाव समेत देखिन्छ । लोकसाहित्यका प्रमुख विधा लोकगीतका विभिन्न भेदहरु मध्ये पर्वगीत अन्तर्गत तीजगीत रहेको छ । फुर्सदका बेला होस् अथवा मेलापात, दुःखमा होस् वा सुखमा मनोरञ्जनका माध्यमका रुपमा जनजीवनमा लोकगीतले प्रमुख स्थान ओगटेको पाइन्छ । यही लोकगीतका विविध भेदमध्ये पर्वगीत अन्तर्गत पर्ने तीजेगीतको प्रचलन पनि त्यसै समय देखि शुरुवात भएको हो भनि अड्कल गर्न सकिन्छ । संसारका हरेक क्षेत्रमा भएका अध्ययन र अनुसन्धानहरु लिपिबद्ध रुपमा राख्ने प्रचलनसगैं तीजेगीतहरुको अध्ययन र अनुसन्धानहरु लिपिबद्ध रुपमा अगाडि बढिरहेको छ । यसरी तीजसगँ सम्बन्धित गीतहरु विविध क्षेत्रबाट संकलन र प्रकाशनमा आए पनि कास्की जिल्लाको एउटा काहुँ गा.वि.स.क्षेत्रका तीजे गीतहरुको अध्ययनमा केन्द्रित भइ लेखिएका कृतिहरु नपाइनु स्वभाविकै हो । यस्ता अनुसन्धानात्मक कार्यहरु नपाइएता पनि यस क्षेत्रमा प्रशस्त तीजगीतहरु घन्किरहेकै छन् । त्यसैले यहाँ त्यस्ता महत्वपूर्ण कृतिहरुलाई पूर्वकार्यको रुपमा उल्लेख गरी तिनीहरुको समिक्षा गर्दै निष्कर्ष निकालिने छ ।

### १. धर्मराज थापा-मेरो नेपाल भ्रमण(२०१६)

धर्मराज थापाले पूर्व मेची देखि पश्चिम महाकालीसम्मको भ्रमण गरी अधिराज्य भरका विभिन्न जातिका, विभिन्न प्रकारका लोकगीतहरुको संकलन र तिनको सामान्य चिनारी साथै केहीको व्याख्या तथा विश्लेषण गरी मेरो नेपाल भ्रमण नामक पुस्तकमा स्वास्नी मान्छेका

तीज र गीत भनी तीजगीतका बारेमा चर्चा गरेका छन् । तर पनि यस क्षेत्रमा प्रचलित गीत भने कतै पनि उल्लेख गरिएको पाँइदैन् ।

**२. धर्मराज थापा - गण्डकीका सुसेली** (२०३०)

धर्मराज थापाले गण्डकीका सुसेली नामक पुस्तकमा लोकगीतको चर्चा गर्ने क्रममा गण्डकी, लुम्बिनी, धवलागिरीमा लोकगीतको अध्ययन गरेका छन् । यस क्रममा हरेक अञ्चलमा गीतलाई छुट्टाछुटटै परिचय दिने कार्य गरिएको छ र तीजगीतको बारेमा पनि चर्चा गरेका छन् । तापनि काहुँ गा.वि.स. क्षेत्रमा प्रचलित भनी कतै पनि उल्लेख गरिएको पाइँदैन् ।

**३. धर्मराज थापा र हंसपुरे लोकसाहित्यको विवेचना-२०४१**

यस कृतिमा नेपाली लोक साहित्यलाई छ खण्डमा विभाजित गरी अध्ययन गरिएको छ । यस पुस्तकको खण्ड २ मा नेपाली लोकगीतका बारेमा चर्चा परिचर्चा भएको छ । जसलाई संस्कार गीत, ऋतु गीत, पर्व गीत, कर्म गीत, लोक नृत्य, लोकगीत र विविध गरी सात भागमा वर्गीकरण गरिएको छ । यसमा विभिन्न प्रकारका गीतहरुको सोदाहरण चर्चा गरिएको छ । तर पनि काहुँ क्षेत्रमा प्रचलित गीत भनी कतैपनि उल्लेख गरिएको पाइदैन् ।

**४. सुमित्रा पौडेल-** (पृ.ना.क्याम्पस-शोध पत्र-२०५५)

यस सोधपत्रमा पोखरेली तीजे गीतलाई सामाजिक धार्मिक, आर्थिक, राजनैति गरी चार भेदमा विभाजन गरिएको छ । तरपनि काहुँमा प्रचलित गीत भनी कतैपनि उल्लेख गरिएको पाइँदैन ।

काहुँ गा.वि.स पनि तीजे गीतका दृष्टिले उर्वर भूमि हो । तर आजसम्म यो क्षेत्रलाई केन्द्रविन्दु मानेर कसैले पनि अध्ययन गरेका छैनन् । त्यसैले आजसम्म कसैद्धारा अध्ययन नगरिएको र तीजे गीतका दृष्टिले उर्वर मानिएको यो क्षेत्रमा प्रचलित तीजे गीतको अध्ययन वर्गीकरण र विश्लेषण शीर्षक राखी यो अध्ययन पत्र तयार पारिएको छ ।

**१.७ अध्ययनको औचित्य**

नेपाली लोकसाहित्य अर्न्तगत तीज गीत नारीहरुको महत्वपूर्ण पर्व हो । यस पर्वमा नारीहरुका कथा व्यथा लाई प्रस्तुत गर्ने गरिन्छ । यसै सन्दर्भमा काहुँ क्षेत्रमा विभिन्न

किसिमका तीज प्रचलित छन् । यहाँ प्रचलित तीज गीतको  अध्ययन गरी लिखित राख्नु र लोक साहित्यको नै संरक्षण गर्न टेवा पुग्ने हुनाले यसको औचित्यका आधार बनेका छन् ।

## १.८ अध्ययनको सीमाङ्कन

यस अध्ययन पत्रमा काहुँ गा.वि.स. मा प्रचलित तीजे गीतको मात्र अध्ययन गरिएको छ । लोकसाहित्यका अन्य रुपको अध्ययन नहुनु यस अध्ययनको सीमा मानिएको छ ।

## १.९ सामाग्री सङकलन विधि

यस अध्ययन पत्र तयार पार्नको लागि आगमन र निगमन विधि प्रयोग गरिएको छ । आवश्यकता अनुसार सम्वन्धित क्षेत्रमा गई स्थानीय व्यक्तिसँग सम्पर्क राखिएको छ । यसमा पुस्ताकालय विधि समेत आधार स्तम्भको रुपमा प्रयोग गरिएको छ ।

## १.१० अध्ययनको रुपरेखा

पहिलो परिच्छेद - अध्ययनको परिचय ।

दोस्रो परिच्छेद -  काहुँ गा.वि.स.को परिचय ।

तेस्रो परिच्छेद -  काहुँ गा.वि.स. मा प्रचलित तीजे गीतको अध्ययन ।

चौँथो परिच्छेद - काहुँ गा.वि.स. मा प्रचलित तीजे गीतको विश्लेषण ।

पाचौ परिच्छेद - उपसंहार/ निष्कर्ष

-प्रमुख सन्दर्भ ग्रन्थ सूची

-परिशिष्ट

## दोस्रो परिच्छेद

# काहुँ गा.वि.स. को सामान्य परिचय

### २.१ विभिन्न कोणबाट काहुँ गा.वि.स.को परिचय

नेपाल राज्यको ठीक मध्येभागमा अवस्थित पश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकाम नेपालको दोस्रो राजधानी तथा सुन्दर पर्यटकीय नगर पोखरासगँ सिमाना जोडिएर यसैको पूर्वोत्तर भागमा रहेको काहुँ गा.वि.स.जम्मा ६.५ वर्ग.कि.मि.क्षेत्रफलमा समुद्र सतहको ६७५ देखि १४४३ मि सम्मको उचाइमा अवस्थित छ । भौगोलिक रुपमा एउटा थुम्को जस्तो आकारमा रहेको यस काहुँ गा.वि.स. २८ं२५ उत्तरी अक्षांश देखि २८ं३० उत्तरी अक्षाशसम्म तथा ८४ं०० पूर्वी देशान्तर देखि ८४ं२२ पूर्वी देशान्तरसम्म रहेको छ । साथै पूर्वमा आर्वाविजय गा.वि.स. उत्तरमा भलाम गा.वि.स. र पश्चिम र दक्षिणमा पोखरा उ.म.न.पा.सगँ सिमाना जोडिएको छ । कास्की जिल्लामा रहेको दुई नगरपालिका तथा ४३ गा.वि.स. हरुको आ-आफ्नै परिचय र विशेषता रहेका छन र यसै समूहमा आफ्नो छुट्टै विशेष विशेषता बोकेको यस काहुँ गा.वि.स. को आफ्नै पहिचान र इतिहास रहेको पाइन्छ ।

यस जिल्लामा रहेका चार निर्वाचन क्षेत्र मध्ये निर्वाचन क्षेत्र नं २ मा पर्ने काहुँ गा.वि.स.पोखरा नगरीसँगै सिमाना जोडिएर रहेको छ । पोखरा उपमहानगर पालिका बाट ५.५ कि.मि. मोटर बाटोको दुरीमा रहेको भएतापनि भौतिक पूर्वाधार लगायतका गतिविधिमा निकै पछाडि रहेको यस गा.वि.स. मा विभिन्न जातजाति रहनसहन धर्म संस्कृतिको मेल रहेको छ ।

यस गा.वि.स.मा ५३९ घरधुरी र ३०३१ जनसंख्या रहेको छ । जसमा पुरुषको संख्या १५०१ र महिलाको संख्या १५३० रहेको छ । यस गा.वि.स.मा बिभिन्न जात जातिहरुको बसोबास रहेको छ । तिनीहरुमा क्रमश : ब्राह्मण,क्षेत्री,दमाई,कामी,गुरुङ्ग,मगर जातिहरु छन,। हिन्दु,बौद्ध धर्मावलम्बीहरुको संख्या उल्लेख्य भएतापनि अन्य धर्मावलम्वीहरु पनि रहेका छन् । काहुँ गा.वि.स.को नाम कसरी रहन गयो भन्ने दुईथरी किम्वदन्तीहरु प्रचलनमा रहेका छन् । जस अनुसार :

१) यस गा.बि.स.मा पानीको स्रोतको अभाब रहेको तथा भिरालो र चट्टानयुक्त जमिन रहेको कारणले गर्दा उत्पादनशील जमिनको कमी रहेकाले कम पानी र भिरालो जमिनमा पनि लगाउन सकिने खेती 'काहुनो 'नामक खाद्यान्न बालीको खेती गरिने गरिएकोले यस डाँडालाई काहुनो डाडा भनिने गरिएको रहेछ र पछि गएर यही नाम अपभ्रंश भएर काहुँडाँडा नाम रहन गएको किम्वदन्ती छ ।

२) परापूर्वकालमा कौडिण्य नामक ऋषिले यस डाँडामा बसेर कठोर तपस्या गरेका कारण यस डाँडाको नाम कौडिण्य डाँडा रहन गएको र पछाडि सोहि नाम अपभ्रंश भएर काहुँडाँडा नाम रहन गएको किम्वदन्ती पनि छ । जे होस दुवै किम्वदन्तीहरु यस काहुँडाँडा काहुँ गा.बि.स.को नाम रहने विषयमा सान्दर्भिक नै लाग्दछन् ।

## २.२ काहुँ गा.बि.स.को बिकास गतिविधि र वर्तमान अवस्था

यस काहुँ गा.वि.स.को आर्थिक उपार्जन गर्ने आन्तरिक श्रोत साधन केही पनि छैन । भएका श्रोत साधनको पनि परिचालन हुन सकेको छैन । प्रजातन्त्रको पूनर्वाहली (२०४६साल ) अगाडि सम्म अतिनै पिछडिएको क्षेत्रको रुपमा रहेको यस क्षेत्रमा नेपाल सरकारले गाउँ गाउँमा दिने सरकारी अनुदानको रकम प्राप्त हुन थालेपछि थोरै थोरै रुपमा भएपनि भौतिक र सामाजिक विकासका गतिविधिहरु अगाडि बढेको अवस्था छ । २०४८ देखि २०५८ सम्म जन निर्वाचित जनप्रतिनिधिहरु बहाल रहेको अवस्था सम्म विकास गतिविधिहरु (बिशेषत पूर्वाधार निर्माण) को गति तुलनात्मक रुपमा सकरात्मक तवरले अगाडि बढेको पाईन्छ भने वर्तमान समयमा पनि सामाजिक विकासलाई भन्दा पूर्वाधार विकासलाई नै प्राथमिकता दिइएको अबस्था छ ।

विशेषतः खानेपानीको लागि स्थानीय स्रोत साधन को अभाव भएको कारण २०४२ सालमा सुरु गरि २०५२ सालमा सम्पन्न भएको काहुँ खानेपानी तथा सरसफाई उपभोक्ता समूहले छिमेकी मौजा गा.वि.स. वडा नं १ स्थित नाप्लेसिङ्ग खोलाबाट खानेपानी ल्याई वडा नं ४,५,६,७,८,र ९ का बासिन्दाहरुलाई खानेपानीको सुविधा प्रदान गरेको छ । जुन योजना हाल जीर्ण अबस्थामा पुगेको भएपनि जेनतेन चलिरहेको नै छ । सोहि छिमेकी मौजा गा.वि.स.कै वडा नं ४ मा मुहान भएको दाहिने खोलाबाट पनि यस गा.वि.स.वडा नं १,२,३,५,७ र ८ का बासिन्दाहरुलाई खानेपानीको सुविधा प्रदान गर्ने हेतुले काहुँ आर्दश

खानेपानी तथा सरसफाई समूह क्रियाशील रहेको छ । जुन योजना २०६३ सालबाट सञ्चालनमा रहेको छ भने हाल खानेपानी अपुग भएको अवस्था छ ।

यस गा.वि.स.का अधिकांश समुदाय एवं बस्तीमा मोटरबाटो पुगेको छ । फुलबारी मणिपाल काहुँ धरहरा ग्रमीण सडक नामबाट परिचित यस गा.वि.स.को सडक मार्गमा पोखरा ११ फुलवारी मणिपाल ,पोखरा १२ चापापानी र पोखरा १३ बाभ्काापाटनबाट प्रवेश गर्न सकिन्छ । ग्रामीण सडकका मुख्य भाग फुलबारी धरहरा र कोलाचौर चापापानी खण्ड समेत ७ मिटर चौडा रहेको छ । जुन ग्रामीण सडककै नमुना मानिन्छ भने अन्य शाखा सडकहरु पनि तुलनात्मक रुपमा उपयुक्त नै मानिन्छन् । सात मिटर चौडा भएपनि ब्यबस्थित नाला एवं कल्भटको अभाव र समयोचित मर्मत संभारको अभाव यस सडकले पनि बेहोरिरहेको छ । अबको आवश्यकता यस सडकलाई कालो पत्रे गर्नु नै हो । जसले समग्र काहुँ गा.बि.स.को भविश्य निर्माण गर्दछ ।

काहुँ गा.वि.स.एक सुन्दर गाउँ हो । पर्यटकीय क्षेत्रको एक प्रमुख गन्तब्य स्थल हो । सुन्दर प्राकृतिक दृष्यावलोकनको लागि काहुँ अतिप्रिय नै छ । यहाँबाट पर्यटकीय नगरी पोखरा सुन्दर हिमश्रङ्गखलाहरु अन्नपुर्ण र माछापुच्छे तथा डाँडाकाँडा र अन्य क्षेत्रहरुको सहजरुपले दृष्यावलोकन गर्न सकिन्छ । काहुँ गा.वि.स.लाई पर्यटकीय क्षेत्रको रुपमा परिचित गराउन काहुँ गा.वि.स.को आयोजनामा बि.स.२०६० साल र २०६५ साल गरी दुई पटक सम्म काहुँ गा.वि.स.को टुप्पोमा काहुँ धरहरा महोत्सवका`आयोजना गरियो । जसको कारण धेरै थोरै रुपमा भएपनि काहुँ गा.वि.स.लाई पर्यटकीय क्षेत्रको रुपमा राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा परिचित गराउने अवसर प्राप्त भयो भने पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गर्नका लागि पूर्वाधार निर्माण तथा सामाजिक विकासमा समुचित ध्यान दिई उचित प्रचार प्रसार गर्न पनि जरुरी रहेको देखिन्छ ।

## २.३ काहुँमा रहेका प्रमुख पर्यटकीय स्थलहरु

### २.३.१ काहुँ धरहरा

वि.स. २०२६ सालमा गण्डकी अञ्चलाधीश नन्दबहादुर मल्लको विशेष सहयोग र नेतृत्वमा तथा यस गा.वि.स.का समाजसेवी स्वर्गीय मेजर वीरसिंह गुरुङ्गको सक्रियतामा बनेको काहुँ धरहरा यसै गा.बि.स.को वडा नं ९ मा अवस्थित छ । ९.८५ मिटर अग्लो काहुँ धरहरा यस

गा.वि.स.को गहनाको रुपमा रहेको छ । जुन एक प्रमुख पर्यटकीय स्थान हो । जहाँबाट पोखरा यस पेरिफेरीका सुन्दर स्थलहरु, अन्नपुर्ण र माछ्छापुच्छे लगाएका हिमश्रिंखलाहरुको दृश्यावलोकन गर्न सकिन्छ ।

### २.३.२ काहुँकोट देउराली मन्दिर

काहुँ गा.वि.स.को वडा नं ९ मा अर्थात काहुँको टुप्पोमा रहेको काहुँकोट की देउराली माता तथा जगदम्बा देवीको मन्दिर रहेका छन् । देउराली मन्दिरलाई आस्थाको केन्दको रुपमा पुजिन्छ । यस क्षेत्रलाई विजयपुर खोला देखि पश्चिम र सेती नदी भन्दा पूर्वका मानिसहरुको प्रमुख शक्ति केन्द्रको रुपमा मानिदै आएको पाईन्छ । धार्मिक पर्यटनको लागि महत्वपूर्ण यस क्षेत्रलाई पनि दृष्यावलोकनको लागि अति महत्वपूर्ण क्षेत्रको रुपमा मानिन्छ ।

### २.३.३ बौद्ध बिहार

काहुँ गा.वि.स.को वडा न २ मा अवस्थित बौद्ध बिहार (कर्मसिद परम्परा धर्मचक्र दिपश्य बिहार ) को स्थापना बि.स.२०१६ सालमा भएको हो । मनाङ्गबाट आएका बौद्ध धर्मालम्बीहरुले स्थापना गरेकोले यो बिहारलाई मनाङ्गे गुम्बाको नामबाट पनि चिनिन्छ । पश्चिमाञ्चलको ठूलो गुम्बाको रुपमा परिचित यो गुम्बा रहेको क्षेत्र वरिपरि सुन्दर वनजङगल समेत रहको छ । पोखरा १२ माटेपानीसँग जोडिएर रहेको यस गुम्बामा भगवान बुद्धका बिभिन्न आसनका मूर्तिहरु रहेका छन् । बौद्ध धर्म ग्रन्थहरुको अध्ययन,अध्यापन हुने यो स्थान पनि धार्मिक, पर्यटन र प्राकृतिक दृष्यावलोकनको लागि अति महत्वपूर्ण क्षेत्रको रुपमा रहेको छ ।

उल्लेखित स्थानहरुको अलावा काहुँ १ मा अवस्थित सन्तानेश्वर महादेव मन्दिर,छुची देउराली क्षेत्र,वडा नं २ मा रहेको जयकोट सामुदायिक वन,(जुन वडा पार्कको रुपमा विकसित भईरहेको छ ) शिवालय मन्दिर (मणि) वडा नं ४ मा अवस्थित नयाँपोखरी क्षेत्र ( जुन खुला रुपमा रहेको दृष्यावलोकनको लागि अति महत्वपूर्ण क्षेत्रको रुपमा मानिन्छ र प्यारागलाईडिङ्को लागि उपयूक्त क्षेत्र पनि हो ।) वडा नं ७ मा रहेको कालिका मन्दिर,वडा नं ८ मा रहेको राधाकृष्ण मन्दिर र प्यारागलाईडिङको लागी उपयुक्त स्थान चौडिला भिर,वडा नं ९ मा रहेको चण्डी मन्दिर क्षेत्र लगायतका स्थानहरु पर्यटकीय महत्वका क्षेत्रका रुपमा रहेका छन् ।यस गा.वि.स.को भूवनोट,सुबिधा सम्पन्न पर्यटकीय शहरदेखि अति नै

समिपमा रहेको क्षेत्र,विभिन्न प्राकृतिक तथा मानव निर्मित स्थलहरु जस्ता विशेषताका कारण काहुँ पर्यटकीय क्षेत्रकै रुपमा परिचित छ र यसलाई एक प्रमुख पर्यटकीय क्षेत्रको रुपमा विकास एवं स्थापित गर्नको लागि हामी सम्पूर्ण काहुँबासीहरुले यहाँको सामाजिक तथा भौतिक विकासमा विशेष योगदान दिनु अति नै जरुरी छ ।

(सन्दर्भ सामाग्री - स्र्वण महोत्सव स्मारिका २०६८ कालिका माध्यमिक विधालय )

## २.४ धर्म,संस्कृति,पर्यटन र खेलकुदको विवरण

यस गा.वि.स.मा धर्म,सांस्कृतिक जनजीवन तथा रहनसहनको विशेष महत्व रहेको पाइन्छ । हिन्दु धर्मावलम्वीहरुमा ब्राह्मण, क्षेत्री तथा दलित र बौद्ध धर्मावलम्वीहरुमा गुरुङ्ग तथा तामाङहरुका आ-आफ्नै किसिमको संस्कारहरु प्रचलनमा रहेका छन् । जातिगत, भौगोलिक तथा आर्थिक विविधताले गर्दा यहाँको जनजीवन आफ्नै किसिमको भएको पाइन्छ ।

यस गा.वि.स.मा हिन्दु तथा बौद्ध धर्मावलम्वीहरुको बसोबास रहेकोले प्रचलित राष्ट्रिय चाडपर्वहरुको साथै स्थानिय चाडपर्वहरु पनि मनाउने प्रचलन रहेको पाइन्छ । साथै यहाँको धर्म , जाति र क्षेत्रानुसार लोकगीत अर्न्तगत विभिन्न पर्वगीत र संस्कार गीतहरु एंव परम्परागत नाचहरु धुमधामका साथ मनाउने गरेको पाइन्छ ।

प्रमुख चाडपर्वहरु :

दशैं ,तिहार , तीज ,जनैपूर्णिमा , बुद्धपूर्णिमा , ल्होसार ।

पार्क मैदान :

सर्वेश्वर मैदान

पर्यटकीय, सांस्कृतिक एंव ऐतिहासिक स्थलहरु :

काहुँ भ्यूटावर, देउराली, चण्डी मन्दिर ।

## २.५ निष्कर्ष

पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चल कास्की जिल्लाको सदरमुकाम पोखरा उपमहानगर पालिकाको पूर्वोतर भागमा रहेको काहुँ गा.वि.स.एक अति रमणीय सुन्दर पर्यटकीय गा.वि.स.हो । कास्कीको सदरमुकाम बाट उतरपूर्वतर्फ हेर्दा दाँयावायाँ बाट बराबर साघुँरो हुँदै माथि पुगी धानको रास झै थुप्रो परेको देखिन्छ । देब्रेतर्फ माछापुच्छे गाउँको हरियाली लाई उछिनेर माथि गएकोले हाँसिरहेको भान हुन्छ । काहुँ गा.वि.स.को माथिको भागमा देउराली,जगदम्बा भगवती अवस्थित छन् भने सोहि स्थानिय बासी स्वं मेजर वीरसिंह गुरुङ. र तत्कालीन अञ्चलाधीश नन्दबहादुर मल्लको गाउँको अबलोकन भ्रमणबाट त्यस ठाउमा एक धरहरा निर्माण गर्ने उपयुक्त ठानी २०२६ सालमा धरहरा निमार्ण भएको छ । उक्त धरहराबाट चारैतिरको अबलोकन गर्ने सकिन्छ । उतरतिर सेतो हिमाल सँग जोडिएको हरियाली खेत मैदान टारीका मिलेका गराहरु र फाट्टफुट गाउँ बस्ती, पश्चिमी भागमा सेती नदी र काली खोला ,भलाम खोलाले बनाएको रमणीय मैदानी श्रृंखला देख्दै मनमोहक हुने दक्षिण भूभागमा रहेको विशाल पोखरा उपमहानगर पालिकामा बनेका किसिम किसिमका घरहरु, वीच भागवाट बगेको सेती नदी, जसमा नगरलाई कुनै क्षति पुयाउन हुँदैन भनी लुकेर बगेकी र वीचमा कसैले देखेको छ कि छैन भनी हेर्दा लाज मानी फेरि लुकेर नगर बाहिर पुगी खुल्ला आफनै तरिकाले बगेकी सेती नदी पूर्वमा आर्वा,कालिका लेखनाथ नगरपालिकाको समथर धान खेत, मैदान आदि देखिने अति सुन्दर ठाउँ मानै कल्पना गर्दा कुनै स्वर्गमा एकान्त ढंगले विभिन्न प्रकृतिका परि संग मुस्कुराई खेलिरहेको महसुस हुन्छ ।

प्रकृतिले आफूलाई हेरिरहेको भान हुने जुनेली रातमा धरहरामा बसी दक्षिण पश्चिमतिर हेर्दा अनगिन्ती बत्तीले पिल्पिलाई रहेका कहीँ राता कहीँ पहेला कहीँ सेता बत्तीले आफैले आरती गरी मङगल गायन गरिरहेको होकि जस्तो भान हुने यस्तो रमणीय गाउँ काहुँको वर्णन गरेर नसकिने छ । काहुँ कोटको धरहरा काहुँको मुटु हो। जुन हेर्न पर्यटकको ओइरो नै लाग्ने गर्छ । पोखरा बासीको बिहानी पखको कसरत (Morning walk) धरहरा सम्म पुगेर टुङगिन्छ । ब्राह्मण, क्षेत्री, गुरुङ र दलितहरु यस गा.वि.स.का मुख्य बासिन्दा हुन् । विभिन्न जात-जातिको वसोबास रहेको यस ठाउँमा उनीहरुका आ-आफनै लोक संस्कृति रहेका छन् । तापनि संस्कार प्राय : मिल्दा जुल्दोनै देखिन्छन् । धेरै जसो मानिसहरु कृषिमा आश्रित छन् ।

काहुँ बसीहरुको मातृभाषा नेपाली नै हो । उनीहरुले हिन्दु संस्कारकै चाडहरुलाई मनाउँछन् । यहाँका सबै जातिका मानिसहरुले दशैं, तिहार ,माघे सङ्क्रान्ति,फागुपूर्णिमा ,बैशाख पुर्णिमा, जनैपुर्णिमा,र तीजपर्वहरुलाई मुख्य रुपमा मनाउने गर्छन् । साथै लोकगीतको उर्वर भूमि पनि यस गा.वि.स.लाई मान्न सकिन्छ भन्दा कुनै अत्युक्ति नहोला ।

# तेस्रो परिच्छेद

# काहुँ गा.वि.स. मा प्रचलित तीजे गीतको अध्ययन ।

## ३.१. तीज गीतको सैद्धान्तिक परिचय

लोक साहित्यको सबैभन्दा महत्वपूर्ण विधा लोकगीतलाई मानिन्छ । लोकगीतका पनि विभिन्न भेदहरु रहेका छन् । लोकगीतका विविध भेदमध्ये तीजगीत पर्वगीत अर्न्तगत पर्छ । चाडपर्वलाई विशेष आधार मानेर गाइने पर्वगीत अन्तरर्गत पर्ने यस तीजगीतको पनि आफनै प्रकारको छुट्टै महत्व र योगदान रहेको छ ।

नेपाल भौगोलिक दृष्टिले सानो भएता पनि यसभित्रका सामाजिक,सांस्कृतिक,धार्मेक तथा एतिहासिक धरोहरहरु अतिनै दरिला छन् । हामीसँग सामाजिक,सांस्कृतिक,धार्मिक तथा एतिहासिक महत्व बोकेका थुप्रै चाडपर्व छन् । यी पर्वलाई सास्कृतिक धरोहरको रुपमा र पुरख्यौली प्रसादका रुपमा वषौदेखि  मनाइँदैछ । यस्तै पर्वमा "हरितालिका" तीजपर्व पनि पर्छ ।

सबै नेपाली महिलाको जीवनमा प्रत्यक्ष रुपले जोडिएको पर्व भाद्र शुक्ल द्धितीयाको दिनबाट पञ्चमीको पञ्चमीको दिनमा सम्पन्न गरिने व्रत ऋषिपञ्चमी हो । यी सवै व्रत भाद्र शुक्ल द्धितीयाको दिनबाट शुरुभई पञ्चमीको दिन सम्पन्न गरिन्छ । तीज पर्वले धार्मिक महत्व मात्र नभई सामाजिक महत्व र मर्यादा पनि उत्तिकै उजागर गरेको पाईन्छ ।

नेपालमा हरितालिका तीज पर्व लिच्छविकाल देखि नै चलेको कुरा विद्धानहरु बताउँछन् । समयानुसार यसमा मनाईने विधिविधान तथा शैली र मान्यतामा फरक हुँदै पनि यसभित्र लुकेको तात्विक गुण जीवितै रहेको विश्वास गरिन्छ । पहिले आजको जस्तो बाटो घाटोको सुविधा नभएको बेला विवाह गरेर टाढा पुचाइएका आफना छोरी चेली माईत सम्भ्केर न्यास्रिएकी र माइती पक्षलाई पनि आफनी छोरी कहिले देखौं भन्ने भावना त्यसमा पनि वर्षाको भेलले गर्दा अत्तासिएको मन र बल्लतल्ल रोपाइँ सकिएको फुर्सदिलो अवस्थामा माईती पक्षले सम्मानपूर्वक बोलाई मीठो मसिनो खानेकुरा ख्वाउने चलन चल्यो र यही नै

संस्कार बन्न पुग्यो । पछि यसमा विभिन्न विधिविधान तथा मान्यता थपिएर नेपाली तीजका रुपमा प्रसिद्ध हुन पुग्यो ।

तीज पर्व मनाउने आफनै चलन छ । ठाउँ अनुसार यसमा केही तल माथि भए पनि यो व्रत भगवान शिव पार्वती सगँ गाँसिएको छ । भाद्र शुक्ल द्वितीयाको दिन मीठा मीठा परिकार बनाई दर खाने चलन छ । ब्रतालुले भोलिपल्ट बिहानै स्नान गरि रातो वस्त्र पहिरिइ शिवको उपासना,पूजा अर्चना गर्दछन् ।

विशेषत : यो दिनमा शिवपार्वतीको षोडशोपचार विधिले पूजा पाठ गर्ने चलन छ । विवाहित महिलाले आफना पति मात्र नभई सम्पूर्ण परिवारकै सुख समृद्धिको कामना गरी व्रत बस्दछन् । गृहिणी नै घरको मूल मानिने र घरको सम्पूर्ण जिम्मेवारी दिएकाले आफुभन्दा पनि आफना पति र सम्पूर्ण परिवारकै भलाईको कामना गरेर विवाहित स्त्रीले विशेष रुपमा यो व्रतलाई पालना गर्दछन् । त्यस्तै अविवाहित कन्याले आफनो भावी पति र दाम्पत्य जीवन सोच अनुरुपको सफल होस भन्ने कामनाका साथ ब्रत बस्ने चलन छ । यस तीज व्रतोउत्सवको महात्म्य हिमालय पर्वतमा आसीन शिवपार्वतीको दाम्पत्य जीवनसँग सम्बन्धित छ । यसैले नेपाली महिलाका लागि यो पर्व अति प्रिय मानिएको छ । हरितालिका तीज पर्वको आख्यान अनुसार पार्वती बाल्यकाल देखिनै महादेवप्रति अत्याधिक भक्तिभाव राख्थिन् र आफु खेल्दा समेत बालुवाको शिवलिंग बनाई खेल्थिन् । पछि ठूली भएपछि पनि महादेव स्वामी पाउने उद्देश्यले बालुवाको शिवलिंग बनाई अत्यन्त कठोर तपस्या गर्न लागिन् ।

यसैबीच पिता हिमनरेशले पार्वतीको विवाह वैकुण्ठाधिपति भगवान विष्णुसित गरिदिने निर्णय गरेको थाहा पाए पछि उनी आफना माता पितालाई थाहै नदिई अत्यन्त भाव विह्वल हुँदै सखीको सहयोगमा घरबाट भागेर गई गुफामा बसेर कठोर तपस्या गर्न लागिन् । कतै कतै उनलाई सखीद्धारा हरण गरेर ल्याईएकी  पार्वती कन्या कुमारीमा पुगिन् पनि भनिएको छ । उनको संकल्प सुदृढ थियो । बालुवाको शिवलिंग बनाई उनी निरन्तर शिवजीकै आरधानामा लागिन् । भाद्र शुल्क तृतीया तिथिको हस्ता नक्षत्रको दिन व्रत बसी शिवलिंगको पूजोपासना गर्नुका अतिरिक्त राति गीत वाद्य सहित जागा भइरहेकी थिइन् । पार्वतीको यस किसिमको व्रतलाई व्रतराज तृतीया व्रतानीमा यसरी लेखिएको छ :

भाद्र शुक्ल तृतीयायामर्चयन्ति तु हस्तभे ।
तत्र वाद्येन गीतेन रात्रौ जागरणं कृतम ॥

पार्वतीको यस्तो कठोर तपस्याले कामविजयी भगवान शिवको आसन पनि डग्मगायो । स्वंयं भगवान शिव उनलाई वरदान दिने उद्देश्यले देखापर्नुभयो र पार्वतीलाई वरदान माग्न लगाउँदा पार्वतीले स्वयं महादेवलाई स्वामीको रुपमा पाईन् ।

पछि पार्वती शिवजीकै साथमा हिमालय पर्वतमा आइपुगिन् र राजा हिमाचलले पनि छोरीको इच्छा पुरा गरिदिए । यसै बेला देखि सखीद्धारा हरित भएकी पार्वतीले गरेको व्रतोउत्सबको नाम नै "हरितालिका व्रतोउत्सव" को नामले प्रसिद्ध भयो । यसैको सम्फना स्वरुप विवाहित स्त्रीले आ-आफना मनको भावना साकार गर्न तथा आर्दश दाम्पत्य जीवन पाउनलाई परम्परागत रुपमा प्रचलित हरितालिकाको व्रतोउत्सव प्रतिवर्ष अहिले पनि गरिन्छ ।

यसैगरी भाद्र शुक्ल पञ्चमीको दिन मनाईने ऋषिपञ्चमीको व्रत पनि उत्तिकै महत्वको छ । यस ब्रतमा महिलाहरु अपमार्ग नामक एक प्रकारको बनस्पतिको १०८ वटा दतिवन बनाई दन्तधावन गर्दछन् । मृतिकाले स्नान गर्दछन् । पञ्चगव्य प्राशन गर्दछन । सर्वतोभद्र मण्डल बनाई कलश स्थापना गर्दछन् । त्यसपछि षोडशोपचार विधिले सप्तर्षिको पूजा गर्दछन् र दान दक्षिणा गरी सांगे गरिन्छ । त्यसरी पूजा गर्ने सप्तर्षिका नाम यस प्रकार छन्- कश्यप, भारद्धाज, विश्वामित्र, गौतम जमदग्नि,अत्री र वशिष्ठ ।

धर्मपरायण नेपाली महिलाका लागि ऋषिपञ्चमी व्रतको ठूलो महिमा छ । यस व्रतको प्रभावले महिलाहरु सौभाग्य सम्पन्न हुनुका साथै रजस्वला हुदाँको अवस्थामा अज्ञानपूर्वक हुने स्पर्शादि दोषबाट समेत मुक्त हुन्छन् भन्ने धारणा पाईन्छ ।

यस सम्बन्धी विभिन्न कथन तथा किवंदन्ती पनि गाँसिएका छन् । प्राचीन समयमा हाम्रा ऋषिमुनी आचार्यहरुले महिलाहरुको आचरण,नैतिकता,पतिव्रता धर्म,स्वास्थ्य विज्ञान आदिको समेत ख्याल गरी तदनुरुप ऋषिपञ्चमीको यो व्रतोउत्सब एउटा प्रायश्चित रुपमा पनि स्थापना गरेका हुन । रजस्वलाहुनु एउटा निश्चित उमेरमा हुने नियमित प्रक्रिया हो । पश्चिम समाजमा यस बारे कुनै विधि विधान तथा मान्यता  रहेको पाईन्न । तर पनि हाम्रो हिन्दु समाजका कतिपय संस्कार विज्ञान संग प्रत्यक्ष सम्बन्ध गासिएका छन् । यो व्रत पनि विज्ञान सम्वत नै देखिन्छ ।

यसरी कैयौं वर्षदेखि नेपाली महिला समाजले तीज तथा पञ्चमीलाई निरन्तरता दिदै आएका छन् । परम्परागत समाजमा जस्तै विधि सम्वत व्रत त आजका समयमा त्यति सम्भव छैन । आजको पुस्ताले हरेक कुराका पछाडि वैज्ञानिक कारण खोज्छ । कतिपय अवस्थामा निर्जल व्रत बस्नु स्वास्थ्यका लागी हानिकारक पनि हुन्छ । जसले आजको व्रत बस्ने प्रचलन र यो सँग गाईने गीत र नाच्ने शैलीमा पनि व्यापक परिर्वतन आएको देखिन्छ । आफनो शरीरले धान्न सक्ने अवस्थामा मात्र खडा भई यस भित्रको तात्विक महत्वलाई बुझेर व्रत बस्नु पर्ने आवाज सबै तिर सुनिन थालेको छ भने आज भोलिका संगीतमा सासु बुहारीका झगडा र गन्थन मात्र होइन । समाज परिर्वतन गर्ने स्वतन्त्रता, सह-असतित्व र स्वावलम्बनका स्वर पतिपत्नी बीचको सम्बन्धका कुरा समेत स्वरांकन गरिएको पाईन्छ । यसलाई समयको माग अनुसार सकारात्मक रुपमा लिनु पर्छ ।

हिजो आज विषेश गरी शहरी क्षेत्रमा तीज पर्व लगभग महिना दिन अगावै शुरु हुन्छ । त्यस्तै विभिन्न संघ संस्था द्धारा पनि यस्था तीज महोत्सव गरी दर खुवाउने चलन पनि बढदो रुपमा देखिन थालेको  छ । यो एक किसिमको फेसन नै बनिसकेको छ । तीज पर्व मनाउनु राम्रो हो । तर यसलाई फेसनको रुप दिएर होडवाजीमा उत्रनु भने राम्रो होइन । त्यसैले यस तर्फ  भने ध्यान दिनै पर्ने देखिन्छ ।

### ३.२ काहुँ क्षेत्रमा प्रचलित तीजे गीतको अध्ययन

मानव सभ्यताको विकासक्रमलाई हेर्दा जंगली युगदेखि अहिलेको वैज्ञानिक युगसम्म आईपुग्दा मानिस धेरै विकसित अवस्थामा आइसकेको छ । कामको बेलामा होस् अथवा फुर्सदको बेलामा होस् भाषाका माध्यमबाट मानिसका अन्तरमनका भावनालाई पोख्ने क्रममा हरेक भाषामा गीतहरु जन्मिन पुगे । मानिसको जीवनमा सुखःदुख,आँसु हाँसो भन्ने कुरा सदैव आईरहने हुनाले आनन्द र पीडाका अभिब्यक्तिहरुलाई मिलाएर गीत गाइन थालियो । यसरी मानवीय आँसु र हाँसाका अनुभूति मिसिएका मनका भावयुक्त आवाजहरु गीत मार्फत अरुका  अगाडि वयक्त गरिँदा तिक्खर र सशक्त बन्दा रहेछन् । लोकगीत एक अर्थमा लोकजीवनकै दर्पण हो । लोकगीतकै शाखा अन्तरर्गतको पर्वगीतमा रहेको तीजगीतले पनि नेपाली जन-जीवनको भावनालाई सशक्त रुपमा प्रस्तुत गरेको देखिन्छ । नेपाली नारीका ह्रदयका पिडा,व्यथा र घाउहरुका साथै आज आएर नारी जागरण र चेतनाको स्वर

पनि तीजका गीतहरुमा गुन्जिन थालेको छ । काहुँ गा. वि. स.पनि यसवाट अलग रहन सकेको छैन ।

हाम्रो जस्तो पितृसत्तात्मक परिवार भएको समाजमा नारीहरु पुरुषको तुलनामा धेरे हिसावले पछि परिरहेको देखिन्छ । यहाँका तीजेगीहरुमा अधिकांश नारीहरुका विरहका अनुभूतिहरुको वर्णन पाईन्छ । उनीहरुका कोमल मनमा उत्पन्न,तड्पन,र जलन तीजेगीतमा अभिव्यक्त भएको देखिन्छ । शारीरिक थकावट अनि आत्मिक पीडाका स्वरहरु गीतमा प्रति ध्वनित भएका छन् । पुरुषको तुलनामा नारीले बढी कामको बोझ व्यहोर्नुपर्ने हुनाले पढ्न गएर पनि फेल हुनु स्वभाविकै हो । त्यो अवस्थामा नारीले व्यक्त गर्ने पीडा,सासु,बुहारी वीचका तीक्तता, छोराछोरी बीचको भेदभाव, दाजु भाउजूले गरेका व्यवहार,दाउरा,घाँस,भकारो र मेलापातको जीवनलाई गीतमार्फत व्यक्त गर्दा साच्चै नै यहाँका नारीहरुका ह्रदयमा कति पिडा रहेछ भनेर सोझै आंकलन गर्न सकिन्छ । साथै यथार्थ जीवनको कटु सत्यतालाई गीतको सन्देश मार्फत सचेतना फैलाउने जागरणका गीतहरुले पनि सबैको मनलाई आकर्षण गर्दोरहेछ ।

देशमा आएको राजनैतिक परिर्वतनले यहाँका नारीहरुलाई छोएको देखिन्छ । प्रजातन्त्र र लोक तन्त्र अनि गणतन्त्रका कुराहरुलाई गीतमार्फत व्यक्त गर्दछन् । सहिदको रगतले लोकतन्त्र गणतन्त्र आएको छ । हामीले यहाँका बिसंगतिहरुलाई हटाउनु पर्छ भन्ने नारीको आवाज छ । देश निमार्णको लागी सबैजना जुट्नुपर्छ । हत्या, हिम्सा,आतंकलाई रोकेर शान्तिपूर्ण नेपाल बनाउनु पर्ने नारीको गुनासो छ । नेताहरुले पनि आफनो पदलाई मात्र नहेरेर व्यवहारमा समेत परिर्वतन गर्नुपर्न बेला आएको छ भनेर राजनैतिक चेतनाका कुराहरुलाई गीत मार्फत यहाँका नारीहरुले पोखेको पाईन्छ ।

आजका बालबालिका भोलिका देशका कर्णधार हुन् । त्यसैले उनीहरुको अधिकारलाई सुनिश्चित गरिनुपर्छ । आधा आकास ओगटने नारीहरुलाई शिक्षा र राजनीतिमा उचित ठाउँ अनि सुविधा दिनुपर्छ भन्ने नारीको भनाइ छ । समाजमा विद्यवान आर्थिक असमानतालाई हटाउनको लागी सरकारले नयाँ कदम चाल्नै पर्छ । सामाजिक बिसंगतिलाई हटाएर अगाडि बढनै पर्छ । देशबाट भ्रष्टाचार पुरारुपले हटनुपर्दछ भन्ने नारीका स्वरहरु यहाँका गीतहरुमा पाउन सकिन्छ ।

मानिस सधै असल बाटोमा हिँड्नु पर्छ । आपनो धर्म संस्कार अनुरुप चल्नु पर्छ । दुःख सुख जीवनमा चक्कमकै रुपमा आइरहन्छन् । मनमा दुःख र पिडा भएपनि तीजको समयमा किन नरमाउने भन्ने बोलीहरुपनि गीतमा पाउन सकिन्छ । त्यस्तै यहाँका तीजेगीतहरुमा आँसु र हाँसो साथै सामाजिक बिसंगति, प्राकृतिक चित्रण शैक्षिक जागरण आर्थिक विषय परिस्थिति, धामिक कर्तव्य, मानवीय दायित्व, बाल अधिकारको सुनिश्चितता,राजनैतिक परिस्थिति एवं रोमाञ्चकारी घटनाको यथार्थतालाई भेटन सकिन्छ ।

सामान्यतया वेदना,विरह सधै मानसिक र शारीरिक पीडासँग सम्बन्धित हुन्छन् । कामको बोझले गर्दा छोरीको मनमा उठेको बेदना,विवाहपछि घरमा आईपरेको आपत, घरायसी काम र खेतीपाती गर्दा भएको दुःख छोराछोरी प्रतिको भेदभावले झरेका आँसु, घर छोडेर जान नपाउने अवस्था, माईतमा दाजु भाउजूले गरेको नमिठो व्यवहार इत्यादि पक्षसँग सम्बन्धित नारीका वेदना र विरहका स्वरहरुलाई तीजेगीतमा व्यक्त गरिएको छ । जस्तै :

सुन्नुहोला नारीको कथा ब्यथा कस्तो छ ।
छाती पिटी चिच्याउँदै हिडौं जस्तो छ ॥

चार हजारको रातो सारी सासुज्यूलाई टकाउँदा ।
कति मन रोयो होला मैलाई फर्काउँदा ॥

छोरी, बुहारी र सासु गरेर छोरीका तीन रुप हुन्छन् । छोरी भए पछि हरेक परिस्थितिसंग मुकाबिला गरेर अगाडि बढ्नुपर्ने हुन्छ । हाम्रो समाजमा पनि सासु बुहारी वीच झैझगडा भनाभन भएको हामी देख्न पाउँछौ । एउटी नारी भएर अर्को नारीको पिर मर्का बुझ्न नसक्दा उनीहरुले आफना मनका कुरालाई यसरी गीत मार्फत व्यक्त गरेका हुन्छन् ।

- सासु - महिला महिला बीचमा सधै हुने गर्छ झगडा ।
म भन्दा त यस कुरामा यही छ तगडा ॥

-बुहारी -बुढी भएनी छैन शैली सधै गर्न झगडा ।
म भन्दा त चार गुना छौ नि तगडा ॥

हाम्रो समाजमा केटाले दोस्रो बिवाह गर्ने तर उनीहरुलाई उचित माया दिएर नराख्ने गर्नाले उनीहरुबीच मनमुटाव हुने गरेको यदा कदा देख्न पाईन्छ । सौता सौता बीच झगडा हुने कुरालाई गीत मार्फत यसरी ब्यक्त गर्न सकिन्छ ।

-दिदी -सौता सौता हामी दुईको हुन्छ सधै झगडा ।
म भन्दा त यस कुरामा यही छ तगडा ॥

-बहिनी -लाज लाग्दैन सबका सामु तिमीलाई बोल्न यसरी ।
मेरै पोइको कमाई खाकी रै छौ बेसरी(तिम्ले) ॥

त्यस्तै गरी घरमा जेठानी र देउरानीको पनि कहिले काही सामान्य भनाभन हुने गर्छ । यही भनाभनले कहिले त गाउँ भरिनै हल्ला फिँजिन्छ  र यिनै कुराहरुलाई समेटी नारीहरुले जेठानी र देउरानी वीचको वार्तालापलाई गीतको माध्यम बनाएर पस्किन्छन् । जस्तै :

-दिदी - जेठानी र देउरानीमा हुन्छ सधै झगडा ।
जगरसाँडा यो देउरानी धेरै तगडा ॥

- बज्यै - आउन नपाई नाम राख्ने को हो तिमी चोथाले ।
घरको व्यवहार बिग्रिन्छ यस्ता पाराले ॥

धर्मले मानिसलाई असल बाटोमा हिँडाउँछ । अनि पूजा व्रत भगवान उपासनामा संलग्न गराउछ । यहाँका तिज गीतमा धार्मिक कुराहरु पनि आउने ग्रर्दछन् ।

पञ्चमीको पूजा लगाइ देऊ पंडित ।
चौका बस्ने पूजा गर्न भयो विलम्ब ॥

छोरी भएर जन्मे पछि अर्काको घरमा जानै पर्न बाध्यता हुन्छ । माइत बसेर  मात्र नहुने रहेछ । त्यस कारण माइतमा धेरै दुःख गर्न हुदैन भन्ने गीत पनि यहाँ सुन्न पाईन्छ ।

पेलेर फाईदा हुनी मिसिनमा  तोरीले ।
माइत दुःख नगरे हुन्छ छोरीले ॥

प्रकृति मानव जीवनको अभिन्न पक्ष हो । आफनो गाउँ ठाउँ र त्यहाको प्राकृतिक दृश्यले कसको मनलाई नछोला र यहाँका नारीहरुले आफनो गाउँको स्थानियता झल्काउने खालको मौलिक गित पनि रचना गरेका हुन्छन् । जस्तै :

माथि हेरयो काहुँ कोटको धरहरा टलल ।
तल हेरयो पोखरा बजार गाडी सरर ॥

अहिले हाम्रो समाजमा महिला हिंसा बढदै गएको देखिन्छ । कोही जिउदै जलाएर,कोही बलत्कारबाट मारिएका छन् । वास्तवमा नारीहरु आ-आफनै घरबाट हेपिएका पनि छन् । यर्सथ नारी हिंसा विरुद्धमा यहाँका नारीमा भित्रीमनमा गहिरो चोट परेको देखिन्छ । अनि उनीहरु गीतको भाका पोख्दछन् -

अहिले हाम्रो देशमा महिला हिंसा बढदोछ ।
अन्याय र विकृतिको बादल छाको छ ॥

यसै गरी शान्तिको देश भनेर संसारभर चिनिएको नेपालमा अहिले अशान्त, हत्या, हिंसा अन्याय, अत्याचार बढिरहेको छ । कोही अपहरणमा परिरहेका छन् । विद्यालय र बालबालिका शान्ति क्षेत्र हुन् भन्ने कुरा नारामा मात्र सिमित छ । व्यवहारमा लागु हुन सकेको छैन । यसै क्रममा साना बालकहरुले भगवान् बुद्धलाई देशमा अशान्ति छायो, शान्ति ल्याउन बुद्ध तिमी फर्की आउनुपर्छ भन्ने सन्देश दिने खालका गीत गाउन पनि पछि पर्दैनन् । जस्तै :

शान्ति दूत बुद्ध जनक नेपालमा जन्मेका ।
बिश्व भरि शान्तिको सन्देश फैलाएका ॥

विवाह गर्ने बेलामा केटा केटीको घरमा माग्न आउँदा हर्ने गरेको,वार्तालाप एवं घटनालाई पनि यहाँका नारीहरुले तीजे गीत मार्फत यसरी गाउँछन् ।

केटी हेर्ने भनेर आयो केटा डटेर ।
मन्त्री समान भएर बस्यो गम्केर ॥

छोरा छोरीको लागी बाबु आमा भन्दा ठूलो संसारभर अरु कोही हुँदैन । बाबा आमाको अभावमा उसको जीवन कति पिडाजनक बन्छ । जुन कुरा त स्वयं भोग्नेलाई थाहा हुन्छ । भनिन्छ अचानाको पिर खुकुरीले जादैन । टुहुरो र अनाथलाई यो समाजमा टिकेर बाँच्न कतिको असहज हुन्छ भन्ने कुरा त तलका गीतबाट थाहा पाउन सकिन्छ । बाबु आमा बिनाका सडक बाल बलिका को कारुणिक मर्मलाई यहाँ गीतको माध्यम बनाएर गीत गाएको सुन्दा कसको मन, मुटु रुँदैन होला र ? जस्तै-

फेरि पनि आइपुग्यो तीज हक्तर छिया छिया परेको यो मन पोल्नलाई
मुटु भरि भएका व्यथा र बेदना दिल खोलेर सकेकी छैन बोल्न लाई

छोरी भएर जन्मेपछि पराईघर जानुपर्ने उसको बाध्यतानै हो । माइती घर छोडेर गए पनि उसलाई माइतीको मायाले सताउने गर्छ तर बिर्सन बाध्य हुनुपर्छ । पराईघर गएपनि उसले सासुका वचन, अनेक कष्ट,विदेशी पतिको याद, भोकभोकै काम गर्नुपर्न टीठलाग्दो परिस्थिति एवं साहुको कठोर यातनालाई मनभित्रै थाति राखेर अगाडी बढनु पर्ने हुन्छ । अन्तत : आफ्नो मनलाई आफैंले समाल्दै अनि परदेशी पतिलाई बिदेशबाट फर्कने आग्रहका साथ आफ्नो बेदनाका यी कटु सत्यतालाई यहाँका नारीहरुले गीत मार्फत पोखेको देख्दा कस्को मनमा भक्कानो पर्दैन होला र ?

म जस्तै महिलाको दुःख र पिडालाई देखेर ।
मनको पिर गाऔं जस्तै लाग्छ कापीमा लेखेर ॥

यसै गरी वर्ष दिनमा दिदीबहिनी लाई भेट गराउने पर्व पनि तिज नै हो । सुखःदुख पोख्ने अनि नाच गान गर्ने रमाईलो क्षण पनि हो । तर सबै महिलाहरु समान सोचाइ र व्यवहारका नभइदिनाले समाजमा विकृति पनि छाएको देखिन्छ । महङ्गा गहना र कपडा ऋण काढेरै पनि किन्ने लहर देखिएको छ । हुनेलाई भन्दा नहुनेलाई बाँच्न मुश्किल परेको परेको छ । यसर्थ घाँटी हेरेर हाड निल्नु भने झैं चाडपर्व मनाउन पनि आफ्नो औकात र स्तरलाई मध्यनजर राख्नुपर्ने हुन्छ । समाजमा विकृति ल्याउनु हुँदैन, महङ्गा फेसन र गहना लगाएर मात्र चाड पर्व मान्नुपर्छ भन्ने छैन भन्दै चेलीहरु एक अर्का प्रति दोहोरो भलाकुसारी पनि गर्छन् । बास्तवमा मानव जीवन आर्दशहुनु पर्छ । तडकभडक र उत्ताउलो भड्किलो हुनुहुँदैन । सधैँ सादा जीवन जिउने र विचार उच्च राख्ने प्रवृति हामीमा हुनुपर्छ । यस्तै

यस्तै आफ्ना मनका विवशतालाई चेलीहरुले गीत मार्फत गाएर मनलाई हलुका बनाउँदछन् । जस्तै :

बर्ष दिनको तिज आयो दिदी बहिनी भईयो भेट ।
के के किन्यौ दिदीबहिनी गहनाको सेट ॥

जसरी वि.स.२०५८ जेष्ठ १९ गते राजपरिवारमा घटेको अकाल्पनिक दुखद घटनाले सारा देश सोकाकुल बनेको थियो । त्यसरीनै यही २०६९ साल बैशाख २३ गते खारापानीबाट भुज्रूङखोला हुदै हिमालको सिरानबाट सेती नदीमा आएको बाढी र पहिरोले सारा पोखरा बासी शोकले स्तब्ध बने । वास्तवमै त्यो दिन इतिहासमै एक कालो दिनको रुपमा देखा पर्यो । उक्त पहिरोमा कोही  घरबारै बिहिन भए भने कतिको लास सम्म पनि पाउन सकिएन ।त्यो घटनाले काहुँ बासीलाई पनि प्रत्यक्ष असर पारेको छ । जुन शोकाकुल अवस्थाले मनमा पारेको गहिरो चोटका यथार्थतालाई गीतको भाकामा सुन्न सकिन्छ । हिमताल फुटेर गएको पैरौमा कति परिवारको बिचल्ली भयो भने कतिको हाड,खोर सम्म पनि भेटाउन मुश्किल पर्‍यो । यस्तो दुखद घटनाले हाम्रो गाउँमा पनि तहल्का मच्चायो । काहुँ बासीले पनि तातो पानीमा नुहाउँन जाँदा ज्यानै गुमाउनु पर्‍यो । वास्तवमा भन्नु पर्दा त्यो दिन पोखराबासीको लागी अत्यन्तै मर्माहत र शोकाकुल बनेको थियो । जुन शोकाकुल अवस्थाको बारेमा हाम्रा काहुँ बासी दिदी बहिनीले मनमा परेका गहिरो चोटको तीतो यथार्थलाई गीतको भाकामा यसरी व्यक्त गरेका थिए ।जस्तै :

नुहाउन गए भुज्रुङखोला कति तातो पानीमा ।
कस्तो बिपत् देख्नुपर्‍यो जिन्दगानीमा ॥

## ३.३ काहुँ क्षेत्रमा प्रचलित संस्कारगत गीतहरु

काहुँ गा.वि.स.मा प्रचलित तिजगीतको अध्ययन गर्ने क्रममा लोकगीतका विभिन्न भेदमध्ये पर्वगीत अध्तर्गत पर्ने तीजगीतको अधययन सँगसँगै लोकगीतका यहाँ प्रचलित अन्य संस्कारगत, धर्म एवं ऋतुगीतको पनि सामान्य चर्चा गर्नु सांन्दर्भिक हुन आउँछ ।

## (क) धार्मिक गीत

कुनै शृभकार्य, पूजाआजा एंव व्रतबन्धको समयमा यहाँ धार्मिक गीत जस्तै भजन, चुड्का हर्षोल्लास साथ गाइन्छन् । जस्तैः

भजन-शीवजीको रुप, शीवजीको रुप, सम्झनलाई सजिलो शीवजीको रुप

चुड्का-यो पनि शिवको, त्यो पनि शिवको, सारा संसार शिवको म पनि शिवको

(कृष्ण प्रसाद लामिछाने)

## (ख) पर्व / ऋतु गीत

असारमा खेत रोप्दा नारीहरुले असारे गीत गाएर रमाइलो गर्ने चलन छ । जस्तै :

असारमासको चिजको खाजा गुलियो कसार ।

पूर्वघ ढोका उघारी हेर्दा लागेछ असार ।  इन्दिरा लामिछाने

त्यस्तै तिहारमा पनि देउसी भैलोका गतिहरु गाएर मनोरञ्जन लिइन्छ । जुन गीतले हाम्रो लोक संस्कृतिको जगेर्ना गर्न टेवा पुयाउँछन् । यस्ता लोक गीत हाम्रा मौलिक सस्कृति हुन । यिनीहरुको संरक्षण गर्नु हाम्रो कर्तव्य पनि हो । देउसी भैलोका गीतहरु सबै ठाउँमा प्रायजसो मिल्दाजुल्दा देखिन्छन् ।

## (ग) संस्कारगत गीत :

विवाहमा गाइने गीत यस अन्तरर्गत पर्छन् । रत्यौली गीतहरु रोचक रमाइला पनि हुन्छन । जस्तै :

गीत : थाकखोले थकाली आयो ।

बहिनीलाई सिठीले बोलायो ।

टुक्का : खनी खोस्री उकेरा लायौ चालीसे सिमीलाई

जहिलेनि आउँछु ,सुतेको देख्छु , के भयो तिमीलाई ।  पार्वती लामिछाने

## ३.४ निष्कर्ष

निष्कर्षमा भन्नुपर्दा काहुँ गा.वि.स.मा विभिन्न प्रकारका तीजगीतहरु प्रचलित छन् । जुनले विभिन्न पक्षको सन्देशमुलक उद्गार पनि गरेका छन् । परिशिष्ट भागमा सङ्कलित तीजे गीतको आधारमा विश्लेषण गरिएको र त्यहीबाट उदाहरणका अंशहरु लिइएको हो ।

# चौथो परिच्छेद

# काहुँ गा.वि.स. मा प्रचलित तीजे गीतको विश्लेषण

## ४.१ विभिन्न कोणबाट काहुँ गा.वि.स.मा प्रचलित तीज गीतको विश्लेषण

लोक जीवनको सहज र सरल अभिव्यक्ति मानिने लोक साहित्यमा जीवनका विविध पाटाहरुको विषय बस्तु समावेश भएको हुन्छ । काहुँ गा.वि.स.मा गाईने तीज गीतहरु पनि तिनै बिषयसँग सम्बन्धित रहेका छन् । अर्थात यहाँ गाइने गीतहरुमा पनि मानवीय जीवन भोगाइका सम्पूर्ण पाटाहरु उलिएर आएका छन् । यस गा.वि.स.मा प्रचलित तीज गीतहरुले यहाँको समाज समाज सगै आउने संस्कृति,विकृति,प्रकृति, आदिलाई चित्रण गरेका छन् । यहाँ तिनै प्रचलित गीत हरुलाई बिश्लेषण गर्न जमर्को गरिएको छ ।

लोक साहित्यको जन्म मानिसको जन्म सँगसँगै भएको हो । आफुलाई ब्यक्त गर्नु आदिमकाल देखि मानिसको जन्मजात प्रकृति रहिआएको छ । आदिम मानबले भाषा भेटटाउनु भन्दा अघिनै सङकेतद्धारा आफुलाई व्यक्त गर्ने चेष्टा गर्दथ्यो । पछि भाषा भेटटाएपछि त्यस सङकेतलाई वाणीरुप दिन थालियो । जसले सबभन्दा सशक्त स्थान लोक साहित्यमा पाउन थाल्यो । सभ्यताको कमिक विकास हुदै गयो । संस्कृतिका धरातलमा कमिक व्किासका लक्षणहरु देखापर्न थाले । तर जुनसुकै अवस्थामा पनि लोक साहित्यले आफनो मौलिक साहित्यलाई आफनो ह्रदय तथा मानव चेतना सँगसँगै लिप्सेर सामायिक प्रवृतिलाई व्यक्त गदै नै लग्यो । त्यसैले लोक साहित्य लोक जीवनका अभिवृतिको परिचायक भनेर मानिएको छ । (दयाराम श्रेष्ठ र मोहन राज शर्मा नेपाली साहित्यको संक्षिप्त ईतिहास पेज १२ ) यसरी समाजमा प्रभुत्व जमाएको लोक साहित्यका विभिन्न विद्या मध्ये लोक गीत अन्तरगत पर्ने तीज पर्व भाद्र महिनामा पर्दछ । तीजको अवसरमा गाइने गीत लाई भदैारै गीत पनि भनिन्छ । तिजे एक रुपमा गाउन सकिने गीत भए पनि अधिकाशं सामूहिकरुपमा गाइन्छ । यसका श्रोता पुरुष भएपनि यो नारीहरुले गाउने गीत हो । यसमा बाजाहरुको खासै प्रयोग नगरी गाइन्छ र नाचिन्छ । नारीहरुले आँगनमा मन्दिरमा,चौरमा तीज गीत गाउँछन् । (प्रा.मोहन राज शर्मा, डा.खगेन्द्र लुइटेल लोक वार्ता बिज्ञान र लोक साहित्य -११९)

वर्षभरी काम गरी थाकेका महिलाहरु एक दिन मात्र भएपनि आफ्नो माइतीमा आएर दिदी बहिनी, साथी संगिनी सँग भलाकुसारी गर्दै आफूले घरमा भोगका पीर, मर्का, दु:ख, गुनासो अनि श्रीमान, सासु,ससुरा आदिबाट भएका थिचो मिचोहरुलाई गीतका माध्यमबाट प्रस्तुत गरी आफनो मन हलुको बनाउने दिनका रुपमा तीजलाई मान्ने गरका छन् । कुल, परम्परा, साँस्कृतिक बन्धनका नाममा आफना अव्यक्त भावनालाई साथी संगीसामु पोख्ने अवसर हो । आफना अधिकार र कर्तव्यका कुरालाई तीजे गीत मार्फत व्यक्त गर्न गरिन्छ । नियमित पूजाआचा र ब्रत बसेका कारण महिला दयालु, कोमल,स्नेही र शान्त स्वभावका हुन्छन् भने यस्ता कार्यमा कमै सम्लग्न हुने पुरुषहरु अव्यवस्थित र कठोर स्वभावका हुन्छन् ।

तिजका गीतहरु नारीका सामाजिक इतिहासका सुत्रहरु हुन् । यी गीतमा बाल विवाह । अनमेल विवाहले ल्याएका समस्याहरु संस्कारगत र सामाजिक विधिले दिएका दु:ख र दर्दहरु लाई अभिव्यक्त गरिएको हुन्छ । तीजका गीतहरुले चेली का भावना, दिदी, बहिनी र  दाजु भाई प्रतिको प्रेम बाल्यकाल र जन्मस्थलको संम्फना मात्र प्रस्तुत गर्दैनन, सामाजिक यथार्थताहरु लाई पनि राम्ररी देखाउँछन् । (चुडामणि बन्धु -नेपाली लोक साहित्य)

तीज गीतहरु खासगरी तीजको चाडमा मात्र गाइने गरिन्छ । यस गीतको मुख्य थेगो हो बरिलै, यद्धपि आजको समयमा यी प्राचीनतम गीतको अलावा आधुनिक लोक गीत पनि यस पर्वमा गाइने परम्परा देखिन्छ । -धर्मराज थापा गण्डकीका सुसेलीहरु पेज २२५) पछाडि बरिलै भएका गीतहरु अलि  पुराना खालका मानिन्छन् । जस्तै :

दैला र मुनिको सुन्तलाको विरुवा ।
सिम सिमे पानीमा सारौ बरिलै ॥

लग्ने र भेटने गर मेरा दाजु ।
बिर्साइदिए आमा बाबु माइती वरिलै ॥

बाबा र आमा नभएका छोरीलाई ।
किन र आयो तीज वरिलै ॥

तीजे गीतमा नारीहरुका सासु, नन्द,अमाजु आदिबाट लोग्नेको घरमा सहनु परेका शासन र पीडा, व्यथाहरु पोखिएका पाईन्छन् । पुरुष प्रधान समाजद्धारा नारी माथि सौता हालेर वा

विभिन्न अन्य किसिमले गरिएका दुर्व्यव्हारका कुराहरु पाइन्छन् ।कोमल नारीका ह्रदयका पीडा, ब्यथा,र घाउहरुका साथै आज आएर नारीजागरण र चेतनाका स्वर पनि तीजका गीतहरुमा गुन्जिन थालेका छन् । (डा .रामनाथ ओफा,मधुसुदन गिरी लोक साहित्य पेज नं ४१)

मानिसहरुको समूहलाई समाज भनिन्छ । समाजमा भिन्न सोचाई र मान्यता राख्ने मानिसहरुको बसोबास हुन्छ । मानिसका भावना र मान्यतासँग सम्बन्धित हाँसो, आसु, सुःख दुःख,मिलन,बिछोड आशा निराशा जस्ता सम्स्याहरु पनि समाजकै उपज हुन् । जनभावनाको प्रतिनिधित्व गर्ने यस्ता गीतहरुमा सामाजिकताका फिल्काहरु देखिने हुनाले त्यस समाजको स्थितिको आंशिक अध्ययन गर्ने सहयोग मिल्छ । मानवीय जीवन संघर्षको मैदान भएकाले हारजितको खेल चलिनै रहन्छ । जीत हुँदा हाँस्नु र हारमा रुनु मान्छेको स्वभाविक अवधारणा नै हो । तर पनि हाम्रो जीवनमा पराजयका क्षणहरु बढी भइदिने हुनाले आँखामा आँसु बगाउनुने पर्ने अवस्था हुन्छ । त्यसमा पनि सहनशील र कोमलताका खानी नारीका जीवनसँग सम्वन्धित विषयमा पूर्ण समाजका तीखा व्यङय युक्त सुस्केराहरु,अनि आँसुमा डुबेका विषय वस्तुलाई काहुँ क्षेत्रका तीज गीतहरुले चित्रण गरेका छन् ।

शिक्षाको चेतना नभएका बाबु आमाले छोराछोरी प्रति भेदभाव गर्ने छोरालाई स्कुल पठाउने तर छोरीलाई काममा लगाउने प्रवृतिको उदघाटन गर्ने निम्न गीतले हाम्रो समाजमा बिद्यमान छोरी प्रतिको अवधारणा लाई स्पस्ट पारेको छ ।

सधै मेरो शिरमा ढाको नाम्लो
भाइको हातमा किताब ।
समाजले गर्नु पर्छ यसको निसाफ ॥

पढेकी छोरीलाई गुँदरी काम्लो ।
नपढेकी छोरीलाई आँसी नाम्लो ॥

वास्तवमा समाजमा सवै मानिस समान व्यवहारका हुँदैनन् । कोहीले छोरा छोरीमा भेदभाव गर्छन् त कोहीले गदैनन् । पढेका र नपढेका छोरीहरु वीच भएका अन्तरलाई यसरी केलाएर गीतको माध्यम बनाइनु भन्दा बरु छोरा छोरी बीच गरिने भेदभाव नै अन्य गर्न आवश्यक

छ । अबको समयमा भावी देशको निर्माणमा सहयोगी बालबालिका प्रति हेरिने दृष्टिकोण परिर्वतन हुनु आवश्यक छ ।

हाम्रो समाजमा दाइजो प्रथा समाजकै ठूलो शत्रु जस्तै भएको छ । जतिसुकै क्रान्तिकारी विद्रोहका कुराहरु गरेपनि व्यवहारिक रुपबाट यसलाई हटाउन सकिएको छैन । दाइजालाई गर्दुवा पनि भनिन्छ । दाइजोको नाउमा ठाउँ ठाउँमा नारीहरु मारिएका र पिटिएका घटनाहरु पनि सुन्नमा आएका छन् । तर यथार्थमा भन्नुपर्दा दाइजो प्रथाको अन्त्य गर्न सकेमा समाज सुधार हुने र महिलाले न्याय पाउने कुरामा दुईमत हुन सक्दैन । दाइजो प्रथाको उनमुलन गरिनु पर्छ भनेर तलका गीतबाट पनि उद्घाटन भएको देख्न सकिन्छ ।

नारी सक्षम भए देखि दाइजो किन चाहिन्छ ।
स्वावलम्वी वनेर जीवन बिताइन्छ ॥

"माइतीको कुकुर पनि प्यारो "भन्ने उखान जस्तै विवाहित चेलीको लागी माइती घर विशेष प्राय : गौरवमय रहन्छ । -जनकवि धर्मराज, थापा हंसपुरे सुवेदी, नेपाली लोक साहित्यको विवेचना ( पेज १५८) आफु जन्मे हुर्केको ठाउँलाई बाध्यतावश बिर्सन बाध्य हुनुपर्छ । माइतीमा जति सम्पति भएपनि नारीका लागि रुखको छाया बराबर हुन्छ । तर पनि आफनो मनभरि माइतीघरको माया र सम्फना थाती राखेर नारी पराइघरमा आफनो दिन चर्या व्यतीत गर्छ । माइतीकै सम्फनामा उसको सारा जिन्दगी बितेको हुन्छ । तर घरमा अत्यास लागेको बेलामा माइती देशको कुकुर देखेपनि चेलीको मन खुशी हुन्छ रे । अनि माईतीको सम्फनामा बिरक्तिएर नारीबाट यस्ता कारुणिक उद्गार निस्कन पुग्छन् ।

सिरसिर हावा चल्यो रुखको पात फरर ।
माइती देश सम्फौ भने मनै धरर ॥

युगको परिर्वतन सँगसँगै काहुँ गा.वि.स.का नारीहरुको चेतनामा पनि परिर्वतन आएको छ । हाम्रो पुरुष प्रधान समाजमा महिलाहरुले पुरुषको दास बन्दै उनीहरुले गरेको व्यवहारलाई नतमस्तक भएर बस्छन् भन्ने मात्र हैन । आफू माथि अन्याय परेको महसुस गरे भने नारी जाग्न पनि बेर मान्दैनन् । नारीहरु सहनशीलताका प्रतिमूर्ति हुन् । आफूलाई अपहेलना गरी अभद्र व्यवहार भएको खण्डमा त्यस्ता स्वार्थी परिवार समाज प्रति विद्रोह गर्न पनि पछि नपर्ने नारीहरुको अभिव्यक्ति पनि तीज गीतका माध्यमबाट सुन्न सकिन्छ ।

उठ अब नारीहरु आफनो हक लिनलाई ।
हेपिएर बस्ने बेला गयो बरिलै ॥

कोमलताकी प्रतिमूर्ति र सिर्जनाकी खानी मानिने नारीका विविध पक्ष सँग तीज पर्वले मितेरी लगाएको हुन्छ । त्यसैले तीजलाई नारी पर्वको रुपमा पनि लिन सकिन्छ । नारीका विविध रुपहरु हुनछन् । जस्तै आपतमा पनि धैर्य राख्न सक्ने क्षमताका साथै सधै चन्द्रमाको जस्तै शीतल किरण प्रदान गर्ने पनि नारी हो भने घरमा भाँडभैलो मच्चाएर मसान घाट तुल्लाउने पनि नारी नै हो । यसरी नारी गृह लक्ष्मी पनि हो भने अर्को तिर रणचण्डी पनि हो । प्राय : यस भेकका गीतहरुमा अबला नारीका व्यथा र कथाहरुले नै विशेष स्थान ओगटेको देखिन्छ ।

आफनै परिवारबाट दिइएको प्रपीडनलाई पनि सहेर नारीहरुले बिस्तारै प्रस्तरण गर्ने तर्फ हरक्षण प्रयत्नरत रहन्छन् । वास्तवमा भन्नु पर्दा नारीहरु अब परावलम्बी भएर बाँच्न चाहेका छन् कि कसैको अधीन र दमनमा परेर होइन । आफूले जीवनमा भोगेका वुनियादी विषयवस्तुलाई कटु सत्यताका आधारमा अरुका माफ पस्कने शैली तीज गीतमा पाईन्छ । जस्तै :

प्यारो छ बेसीको खेत अनि गैची र कोदाली ।
नपुगे खाउलानि पियारा खोलेमा नुन हाली ॥

हामी सवैमा देशभक्तिको भावना हुनुपर्छ । आफ्नो देशलाई मायागर्ने मानिस मात्र सच्चा नागरिक हुन्छ । मिहिनेत गरेमा आफ्नै देशमा पनि सुन फलाउन सकिन्छ । विदेशमा जानै पर्छ भन्ने छैन । यसरी आफ्नै देश र नेपाली माटोको माया गर्नु पर्ने कुरा पनि गीतहरुमा भेट्न सकिन्छ ।

तीज गीत इतिहासको वाहक हो । जसले गर्दा आफनो गाउँमा घटेका घटनालाई ऐतिहासिक रुपमा जीवन्त राख्न सकिन्छ । खारापानीमा घटेको घटनालाई यी तीज गीतले एतिहासिक जीवनको चित्रण गर्न खोजेको देखिन्छ ।

तीजको ऐतिहासिकता नियाल्दा तीजपर्व नेपालको सांस्कृतिक परिवेशमा आधारित छन् । लोकभाकाका गीतहरु,मठ,मन्दिर जाने,माईतीमा आएर दिदी बहिनी तथा साथी

संगिनीहरुसंग भेटघाट गर्ने अन्य दिन छाक टार्न समस्या हुनेले मोठो मसिनो खानाको रुपमा दर खाने प्रचलन ग्रामीण जन-जीवनसँग गासिएका छन् । ग्रामीण महिलाहरुको जीविका सँग तीजको परिवेश सान्दभिक छन् । तीजका गीतहरुमा व्यक्त गरिने भावनाहरुले ग्रामीण महिलाको भावनाको प्रतिनिधित्व गरेका हुन्छन । यद्धपि शहरका केही महिलाहरुले तीजलाई भडकिलो र आधुनिकताको नाममा विकृतिका रुपमा मनाउन थालेका छन् । तीन दिन मनाइने तीज हिजो आज एक महिना अघि देखि सुरुहुने गरेको छ । दर खाने निहुमा चन्दा संकलन गरी ठुला तारे होटल पार्टी प्यालेस बुक गरेर दर खाने चलन चल्न थालेका छन् । सबैलाई बोलाएर दर खुवाउने निम्ता दिने लाई चुरा पोते उपहार दिने, गहना सारीको फेसन सो गर्ने जस्ता बनावटी चलनहरु चलेका देखिन्छन् । मन्दिर,चौतारा पाटी पौवाको सट्टा पाँच तारे होटल र डान्स बारका हलहरुमा तीजे गीत सुनिन थालेका छन् । सीमित तर सम्भ्रांन्त परिवारवाट भित्रिएको यस प्रकारको सस्कारले देखासिकी गर्ने नाममा न्युन आय भएकाहरु मर्कामा परेका छन् । तीज अधिकतम नेपाली महिलाहरुले मनाउने गरेको महिला विशेषको पर्व हो । आथिक, सामाजिक,सांस्कृतिक,राजनीतिक हरेक कार्यमा अन्याय असमानता र विभेदमा पिल्सिएका महिलालाई सशक्तीकरण गदै मूक्ति,समानता,न्याय प्राप्तिका लागि तीज एउटा सांस्कृतिक माध्यम बन्नुपर्छ । वर्षको एक दिन फुर्सद र स्वतन्त्र रुपमा गीत गाउने, नाच्ने प्रचलनलाई महिला उन्मुक्ति र महिला अधिकार प्राप्त गर्ने सुअवसरमा बदल्नु पर्छ । कुना बन्दरामा रहेका महिला मुक्ति र अधिकारका लागि तीजको गीत सशक्त माध्यम बन्नुपर्छ ।

यसै गरी तीजमा गाइने गीतहरुले प्राय : हाम्रो समाजमा रहेको पारिवारिक विभेदलाई व्यक्त गरेको पाइन्छ । सासु, नन्द, अमाजु,देउरानी जेठानी आदि नाताबाट आफूले पाएका कटु व्यवहारहरु लाई चेलीहरुले गीतको भाकामा सुनाउने गर्छन् । तीजले छोरी बुहारी अनि आफनो परिवारको भेदभावलाइ अन्त्य गर्न सक्नुपर्छ । पहिले पहिले जसरी तीज गीत सृजना गरिन्थ्यो त्यस्ता भावनात्मक गीत हिजो आज कमै मात्र पाईन्छ । हिजो आज मनका पीडा यथार्थ घटना तथा सन्देश दिने खालका तीज गीत त्यति विधि सुन्न पाइदैन । केवल मनोरञ्जनका लागि सामान्य खालका समाजलाई नपच्ने शब्द समावेश गरिएका तीजगीतहरु पनि बजारमा आएका छन् । जसले समाजमा नकारात्मक प्रभाव नपार्लान् भन्न सकिन्न । बिगतका तीजमा घरको गुनासो,सासुको कचकच माइतीको सम्फना एवं वेदना मात्र सुन्न

पाइन्थ्यो तर समय सँगै गीत संगीतमा परिर्वतन आएको छ । पहिला पहिला सबै दिदी बहिनी मिली आफनो दुःख पीडा गीतमा पस्तुत गर्दथे । तर अहिले एउटा सानो कार्यक्रममा पनि बनावटी गीत वज्न थालेका छन् । गीतमा कुनै भाव नझल्कने र कतिपय गीतले त तीजको महिमालाई नै बिगारेका छन् । जुन गीत हामीले दिनहुँ मिडिया मार्फत सुन्दै आएका छौँ ।

अहिले बजारमा चलेका तीजका नाममा बनाइएका गीतहरु त यति विभेदकारी छन् कि तीमध्ये धेरैले मनोरञ्जनका नाममा महिलाको अस्तित्व र गरिमाको नै खिल्ली उडाउँछन् । महादेव जस्तो पति पाउन, पतिदेवको आयु बढाउन, मात्रै होइन अब त महादेवलाई पुकारेर मलाई कहिले त्यस्तो पति दिलाइदिन्छौ भनेर अनुरोध गरेका गीतहरु बज्न थालेका छन् । यसै क्रममा कोमल ओलीको पोइला जान पाउँ र नाच्छौँ हामी डिस्कोमा तीज त्यस्तै पशुपति शर्माका बाजी ठोकम् आउ,पोखरा घुम्नलाई, हे ईश्वर गराईदेउ भेट अनि चोलेन्द्र पौडेल र रामजी खाँडको संयुक्त प्रस्तुती मायाको प्यास मेट्न बोलाउँछु, हाइ मेरी कालुलाई भेट्न बोलाउँछु । आदि गीतहरुलाई संस्कृतिको नाममा विकृतिको दर्जा दिंदा कुनै अत्युक्ति नहोला । पोखरेली चर्चित लोकप्रिय गायिका हरिदेवी कोइरालाका (हम्काइलो) गीतमा नेपाली संस्कृति झल्काउने पुराना गीतहरु सुन्न सकिन्छ । जुन गीतहरु नेपाली तीज गीतसंग सान्दर्भिक र मार्मिक पनि रहेका छन् ।

## ४.२ निष्कर्ष

समग्रमा नारीमनका जटिलता,सामाजिक विविधता यथार्थ घटना पारिवारिक असन्तोष प्राकृतिक वर्णन र समयको परिर्वतनले गर्दा जीवन जगत्मा देखा पर्न नवीन चेतनाका स्वरहरुलाई यस क्षेत्रका तीज गीतहरुले बोकेर आएको पाइन्छ । उपयुक्त विषयलाई चेलीले आफ्नो भाषा र भावनामा आबद्ध गरेर गीतहरु रचना गरेको देखिन्छ । यसरी समाजका सामाजिक,आर्थिक सांस्कृतिक,प्राकृतिक र ऐतिहासिक आदि जीवनको विविध पक्षको चित्रण यथार्थ रुपमा मुखरीत वनाउनु नै काहुँ गा.वि.स. को तीज गीतको विशेषता हो ।

## पाँचौ परिच्छेद

## उपसंहार / निष्कर्ष

मानवीय जीवनका विविध पक्षसँग सम्वन्धित काहुँ क्षेत्रका तीजगीतको अध्ययन गर्ने काम यस अध्ययन पत्रमा भएको छ । समाजका विभिन्न पक्षलाई बोकेर आएका यी गीतहरु नेपाली समाजका ऐना हुन । समाजमा विद्यमान अनेकौ विकृति,परम्परा लगायत मानव जीवनका मूल्य मान्यता र धारणालाई अंकमाल गर्दै समाजको यथार्थ चित्रण तीज गीतहरुमा भएको पाईन्छ । यसै गरी यहाँका तीज गीतहरुले परम्परागत एवं आधुनिक जीवनका नवीन पक्ष, जीवनमा आईपर्ने वाध्यता,कटु यथार्थता,विसंगती अनि सम्पूर्ण नारी जगतको मार्मिक कथा व्यथाको गहन चित्रण गरेको पाईन्छ । एकातिर यहाँका तीज गीतले नारीका विभिद समस्याहरुलाई उद्घाटन गर्दै सहज अभिव्यक्तिद्धारा प्रत्येक मानिसको मनलाई यथार्थताको धरातलमा डुवाउँछन भने अर्कोतिर समाजमा रहेका नकारात्मक पक्षलाई वास्तविकतामा प्रयुक्त गरेर समुन्नत समाजको निर्माणमा प्रत्यक्ष वा अप्रत्यक्ष सन्देश दिएका देखिन्छन् ।

अध्ययन पत्र तयार गर्ने क्रममा गीत गाउने र नाचगान गर्ने महिलाहरुसँग प्रत्यक्ष भेटघाट र कुराकानी गरेर गीत संकलन गरियो । एकल तथा सामूहिक रुपमा गाइएका गीतहरुमा आधुनिक संगीतको प्रयोग नगरी केवल थपडी र मादलकै प्रयोग भएको पाइयो । अध्ययन पत्रको पहिलो परिच्छेदमा अध्ययन प्रयोजन, विषय परिचय, समस्या कथन, उद्देश्य कथन, पूर्वकार्यको समिक्षा,अध्ययनको औचित्य,सीमाङ्कन र अध्ययनको रुपरेखा जस्ता विषयहरु रहेका छन् । दोस्रो परिच्छेदमा विभिन्न कोणबाट काहुँ गा.बि.स.को परिचय,विकास अवस्था,काहुँमा रहेका प्रमुख पर्यटकीय स्थलहरुको वारेमा जानकारी दिने काम भएको छ । तेस्रो परिच्छेदमा तीज गीतको सैद्धान्तिक परिचय र काहूँ गा.वि.स.मा प्रचलित तीज गीतको अध्ययन गरिएको छ । त्यसैगरी चौंथो परिच्छेदमा यस क्षेत्रका तीज गीतको विश्लेषण गरिएको छ । पाँचौं परिच्छेदमा निर्ष्कष र उपसंहार खण्ड राखी अध्ययन पत्रको सारलाई निष्कर्षको रुपमा दिने काम भएको छ । अन्त्यमा परिशिष्ट अन्तर्गत यहाँ प्रचलित तीज गीतको संङ्कलन र सर्न्दभकृति सूची राखिएको छ ।

समग्रमा तीज गीत कुनै प्रतियोगिता वा आयोजनामा मात्र गाउनमा सीमित नभएर समूहमा वा सामूहिक रुपमा गाउनुपर्ने नारीहरुले मौखिक रुपमा गाएर तीजगीतलाई महत्व दिनु पर्छ । तीज गीत सामाजिक भेदभाव अन्त्य गर्ने खालका नारी प्रधान हुनुपर्छ । तीज गीतको गायनमा पुरुषको सहभागिता हुनु राम्रो हुँदैन । किनकि महिलाको विषेश चाड तीज हो । अहिलेको परिवेशलाई नियाल्दा विभिन्न पक्षले तीज गीत आफनो स्वार्थ पूर्ति गर्नका निम्ती प्रचार प्रसारको माध्यम वनाएको पनि देख्न सकिन्छ । यसले गर्दा तीज पर्वकै महत्व घट्न सक्दछ । त्यसैले यस पर्वको सांस्कृतिक महत्वलाई घट्न नदिन सबै सचेत हुनुपर्छ । समाजका लोक सांस्कृतिक हाम्रा सामाजिक सम्पत्ति हुन् । राष्ट्रिय स्तरवाट मात्र यसको सर्म्वद्धनमा टेवा पुग्न सक्दैन । तसर्थ हामी सबै मिली सांस्कृतिको सुरक्षा तथा विकृतिको अन्त्य गर्नमा अग्रसर हुनुपर्छ । शोध पत्र वा अध्ययन पत्रको माध्यमबाट पनि हामीले हाम्रो संस्कृति र परम्परा अनि मान्यताको जगेर्ना गर्न सक्छौ । यसर्थ कसैले आफनो स्वार्थ पूर्ति गर्ने माध्यमका रुपमा हाम्रा संस्कृति र मान्यतालाई माध्यम वनाइनु हुँदैन । यसतर्फ हामी सवै सदैव सजग रहनुपर्छ ।

# सन्दर्भ ग्रन्थ सूची

## पुस्तकहरु


- बन्धु चुडामणि :नेपाली लोक साहित्य एकता बुक्स,पहिलो संस्करण - २०५०

- श्रेष्ठ ,दयाराम : र मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास,सातौ संस्करण, काठमान्डौ : साझा प्रकाशन - २०६१

- शर्मा मोहन राज र डा.लुईटल खगेन्द्र प्रसाद लोकवार्ता बिज्ञान र लोक साहित्य काठमान्डौ बिधार्थो पुस्तक भन्डार - २०६३

- शर्मा बालचन्द्र : नेपाली शब्दकोश, द्धितीय प्रकाशन, काठमान्डौ : सृष्टि प्रकाशन चावहिल

- थापा,धर्मराज,र सुबेदी हंसपुरे : नेपाली लोक साहित्यको बिबेचना -पृष्ठ १५८ काठमान्डौ त्रि.बि.पाठयकम बिकास केन्द -२०४१

- थापा धर्मराज गण्डकीका सुसेली काठमान्डौ (नेपाल राजकिय प्रज्ञा प्रतिष्टान - २०३०)

- थापा धर्मराज : मेरो नेपाल भ्रमण,

- स्वर्ण महोत्सब स्मारिका (२०६८) श्री कालिका माध्यमिक बिद्यालय काहुँ - ९

- स्वर्ण महोत्सब स्मारिका (२०६६) श्री शिव शक्ति उच्च माध्यमिक बिद्यालय पोखरा ११, प

- बृहत नेपाली शब्दकोश ।

- डा.ओझा रामनाथ, मधु सुधन गिरी लोक समहित्य ।


## अप्रकाशित शोधपत्र


पौडेल,सुमिता : २०५५, पोखरेली तिजेगीतको संकलन, वर्गोकरण र बिशलेषण , त्रि.बि.पृ.ना.क्याम्पस स्नातकोत्तर तह नेपालीको शोधपत्र ,

## पत्र पत्रिका

- कान्तीपुर दैनिक (२०६८ भाद्र ३१, असोज २ गते)
- गोरखा पत्र दैनिक (२०६८ असोज १ र २ गते )
- गोल्डेन न्यूज दैनिक (२०६९ असोज २ गते )
- नया पत्रिका दैनिक (२०६९ असोज १ गते )
- नागरीक दैनिक (२०६८ असोज २ गते)
- नारी माषिक (२०६८ भाद्र अंक )
- नेपाल समाचनर पत्र ( २०६८ असोज १ गते )

-समाधान राष्ट्रिय दैनिक (२०६८ भाद्र ३१ गते )

- हिमाल माषिक २०६८ भाद्र अंक )

# परिशिष्ट

**काहुँ गा.वि.स.मा प्रचलित तीज गीतहरु :-**

**(१) छोरी को वेदना**

☞ सुन्नुहोला नारीको कथा व्यथा कस्तो छ ।
छाती पिटी चिच्याँउदै हिडौं जस्तो छ ॥

☞ हामी चिच्याइ हिडेपनि यो समाज हाँस्यो रे।
भन्छन् छोरी अघि बढे पोथी बास्यो रे ॥

☞ पोथी बासे राम्रो हुन्न भन्न थाल्छन् घरमा।
हेर मानिस पुग्न थाले मंङगल ग्रहमा ॥

☞ छोरालाई स्कुल जान कापी कलम किनिदिने।
म छोरी अभागीलाई डोको बुनिदिने ॥

☞ सधैं मेरो शिरमा डोको नाम्लो भाइको हातमा किताब।
समाजले गर्नुपर्छ यसको निसाफ ॥

☞ कापी कलम छोला बोकी स्कुल जाने बेलामा ।
म छोरीलाई जानु पर्ने बिसी मेलामा ॥

☞ पढाए पनि जानु पर्ने छोरी पराइघरमा ।
शिशा जस्तो फुटेको रहिछ करिम ॥ -बिन्दु पौडेल

## (२) तीजमा पञ्चमी पुजा

☞ पञ्चमीको पूजा लगाईदेउन पण्डित ।
चौका बस्ने पूजा गर्न भयो विलम्ब ॥

☞ करुवामा जल पानसमा तेल ।
सकियोकि भनेर थपि राखौँला ॥

☞ चारै दिशाहेरेर भगवानलाई जपेर ।
कतिखेर आउँछन् भनी हेरिराखौँला ॥

☞ नेपालका देवताको पितम्बरे फरिया ।
फरर फरर हुन्छ बरिलै ॥

☞ चारै दिशा हेरेर भगवानलाई सम्झँदा ।
मन त मेरो धरर हुन्छ बरिलै ॥ (सीता पोखरेल)

## (३) नारीको बिलौना

☞ पेलेर फाइदा हुने मेशिनमा तोरीले ।
माइत दुःख नगरे हुन्छ छोरीले ॥

☞ यिनै माइती भन्दा भन्दै दुनियाको नजाती ।
दिनुभयो बाबाले पानी समाती ॥

☞ तेह्र दिनको बाच्छी पनि त्यही दिनमा फुकाए ।
के सम्झेर तिजमा लिन पठाए ॥

☞ भो पर्दैन लिन आउन फर्के घर सरर ।
दिदी बहिनी जम्मा पारी नोक्सान नपार ॥

☞ दुवै पाथी धान पनि दाइलाई हुने गह्रुँङ्गो।
कहिले जालान् दिदी बहिनी होला हलुङ्गो॥

☞ सिर सिर हावा चल्यो रुखमा पात फरर ।
माईती घर सम्झौं भने मनै धरर ॥ (प्रभा लामिछाने)

## (४) भेदभाव

☞ किन होला बाआमाले भेदभाव गरनी ।
कोहीजाने मेलामा कोहीले पढनी ॥
☞ पढ्न जाने छोरी हिँड्छन् किताब कापी बोकेर ।
नपढेकी छोरी जान्छे डोको बोकेर ॥
☞ आफुसँगको संगी साथी काठमाण्डौमा सुब्बिनी ।
मलाई कहिल्यै फुर्सद हुन्न एक छिन उभिनी ॥
☞ पढेकी छोरीलाई गुँदरी र काम्लो ।
नपढेकी छोरीलाई आँसी नाम्लो ॥
☞ समान देख्नुपर्छ अब नगरौँ है भेदभाव ।
बरावरी हुन्छन् एउटै कोखको सन्तान ॥ -अस्मीता लामीछाने

## (५) रमणीय काहुँ गाउँ

☞ माथि हेरयो काहुँ कोटको धरहरा झलल ।
तल हेर्‍यो पोखरा बजारमा गाडी सरर ॥
☞ बजारको नजिकै अबस्थित यो गाउँमा ।
विकासका कार्य गर्ने अघि बढौंन ॥
☞ गाउँले जीवन हरियाली हावापानी राम्रो छ ।
बाटोघाटो पानीको विकास भाको छ ॥
☞ धेरै मानिस शिक्षित छन् कोही आश्रित कृषिमा ।
संलग्न छन् पशुपालन बन्द व्यापारमा ॥
☞ धेरै जातका मानिस बस्छन् अलग छन् भेषभूषा ।
अनेकतामा एकता गाउँको विशेषता ॥
☞ पर्यटकको ओइरो लाग्छ धरहरा हेर्नलाई ।
देउराली माताको दर्शन गर्नलाई ॥
☞ धरहरा पुगेर लालीगुराँस टिपँदा ।
आनन्द लाग्छ तल बजार हेरदा ॥

☞ गाउँको आफ्नो छुट्टै छ पहिचान र विशेषता ।
पक्की बाटो बन्ने भनी आछ बजेट ॥
☞ गाउँको विकास भएमात्र देशको विकास हुने हो ।
गाउँको विकास गर्नलाई कम्मर कस्ने हो ॥ (आरती लामीछाने)

## (६) महिला हिंसाको अन्त्य

☞ सर्वप्रथम नमस्कार गर्छौं हामी सबैलाई ।
हाम्रो गीत ध्यान दिएर सुनिदिनुस् है ॥
☞ अहिले हाम्रो देशमा महिला हिंसा बढ्दो छ ।
अन्याय र विकृतिको बादल छाको छ ॥
☞ दुःख गरी हुर्काइएकी पराईघरकी छोरीलाई ।
जिउँदै यातना दिएर मार्छन् बरिलै ॥
☞ कोही भन्छन् थोरै दाइजो सुन्छन् अरुको कुरा ।
अमूल्य ज्यान भष्म हुन्छ बिना कसुर ॥
☞ घटना घट्छन् समाजमा अकाल्पनिक दिनदिन ।
नारी माथि अन्याय र अत्याचार किन ॥
☞ कोहीलाई पेट्रोल छर्किइन्छ, कोहीलाई जिउँदै जलाइन्छ ।
बाटोघाटो बलत्कारको शिकार भइन्छ ॥
☞ राजनैतिक अस्थिरता दण्डहिनता देशमा ।
सामाजिक र आर्थिक विभेद हाम्रो समाजमा ॥
☞ सृष्टी चक्र चलाउने धर्तीमाता नारीलाई ।
खेलौनाको सामान हैनौं बुझ बरिलै ॥
☞ पुरुषवादी हैकमको अन्त्य हामीले गर्नुछ ।
शोषणयुक्त समाजको निर्माण गर्नुछ ॥
☞ हेपिइन्छन् चेलीहरु आ-आफ्नै घरबाट ।
कसले कस्तो व्यवहार गर्छ बुझौं पहिले त ॥
☞ सृष्टिचक्र चल्ने छैन नभएमा यी नारी ।

शोषक र सामन्तीले बुझ्न् कसरी ॥

☞ फैलाउनुपर्छ हामीले नारी शिक्षा चेतना ।

हुने छैन नारीमाथि अन्याय र दमन ॥

☞ हेप्ने छैनन् नारी शिक्षित जागरुक भएमा ।

सरकारले नि चासो राख्नुपर्छ यसमा ॥

☞ दह्रो कानुन बन्नुपर्छ हुनुपर्छ कार्यान्वयन ।

बल्ल हुन्छ अपराधिक घटना निवारण ॥

☞ महिला हिंसा अन्त्य गरौं भन्ने हाम्रो हो विचार ।

यति भन्दै बिदा हुन्छौं हस्त नमस्कार ॥

## (७) खारापानी घटना

☞ हे आयोजक निर्णायक उपस्थित सबैलाई ।

स्वागत गर्दैं गीत सुरु गरछौं बरिलै ॥

☞ नुहाउन गाथे खारापानी कति तातो पानीमा ।

कस्तो विपत् देख्नुपर्‍यो जिन्दगानीमा ॥

☞ अन्नपूर्ण हिमालको हिमताल फुटी पैरो गो ।

विपत् देख्दा हाम्रो मनमा चोट गहिरो भो ॥

☞ सारा बस्ती लग्यो बरै गाउँ नै शुन्य पारेर ।

खोली किनार बसे कति आँसु झारेर ॥

☞ पिकनिक खान आका थिए रिजर्भ गाडी लिएर ।

गयो परान त्यो धमिलो पानी पिएर ॥

☞ कस्तो भयो बाबु आमालाई त्यस्तो खबर सुनेसी ।

प्रकृतिले त्यस्तो उल्टो जाल बुनेसी ॥

☞ लग्यो ज्यान खोलामा मजदुर गरी खानेको ।

मान्छे मास्न प्रकृतिले कति जानेको ॥

☞ स्कुल बस,ट्रक गाडी कति लग्यो साइकल ।

गड्गडाउँदै सेती नदी बन्यो माइकल ॥

☞ कोहीको छैन हातगोडा कोहीको छैन टाउको नि ।

लासै चिन्न गाह्रो पर्‍यो आफ्नो बाबुको नि ॥

☞ जमिन मुनि गडे कति बगाइ लग्यो कतिलाई ।

ढिलै भएनि श्रद्धान्जली मर्ने जतिलाई ॥

☞ खोली किनार बस्ती बस्न रोकौं भन्ने समाचार ।

यति भन्दै बिदा हुन्छौँ हस्त नमस्कार ॥ -इन्दिरा आचार्य)

## (८) शान्तिको कामना

☞ पहिलो स्वागत गर्छौं हामी शिक्षा दिने गुरुलाई ।

दोस्रो स्वागत गर्छौं उपस्थित सबैलाई ॥

☞ शान्ति दूत बुद्ध जनक नेपालमा जन्मेका ।

विश्व भरि शान्तिको सन्देश छरेका ॥

☞ आदर्श र हिन्दु नारी उमा, सीता, भृकुटी ।

बनेका छन् नेपालका अटल सम्पत्ति ॥

☞ एकताको दीप बाले भाषामा भानुले ।

सिपको प्रचार गरे अरनिकोले ॥

☞ विरेन्द्रले विकुल फुके विश्वभरि शान्तिको ।

पृथ्वीले एकिकरण गरे नेपालको ॥

☞ नेपालमा जन्मेका हाम्रा गौतम बुद्धलाई ।

अशान्तिले गर्दा हो कि आँखा लागे है ॥

☞ शान्तिको देशमा हत्या हिंसा बढ्दैगो ।

बुद्धको देश भनि भन्नै लाज भो ॥

☞ फर्कि आऊ बुद्ध तिमी शान्ति सन्देश छर्नलाई ।

एक जुट हुनुपर्छ हामी शान्ति ल्याउनलाई ॥

☞ शान्ति आओस् नेपालमा भन्ने हाम्रो चाहना ।

शितलादेवी माईसँग गर्छौं कामना ॥ -(चन्द्रा देवी लामिछाने)

## (९) नारीको वेदना

☞ म जस्तै महिलाको दुःख र पिडालाई देखेर
मनको पिर गाउँ जस्तै लाग्छ कापीमा लेखेर ।

☞ दिनुभो बाबा अर्कालाई छोरी माया नै तोडेर
नियती यस्तै जानु नै पर्ने माईती घर छोडेर ।

☞ पन्ध्र वीस बर्ष माईतीमै बसेँ माईतीकै माया छ
जतिनै घरमा सम्पत्ति भएनि त्यो मलाई छायाँ छ ।

☞ खेतैको त्यो मकै रुखैमा बाँदरै टोलायो
छनत छ माया मुटुमा देखेर के लायो ।

☞ सासुका वचन त्यो घरको खटन गोली झैँ पिउनु छ
श्रीमान परदेशमा एक्लो यो जीवन कष्टमा जिउनु छ ।

☞ छैन नि बाँच्ने मनता अब जीवनमा पटक्कै
छोडेर जाऊँ लाग्दछ मलाई यो धर्ती चटक्कै

☞ खेतैको त्यो मकै रुखैमा बाँदरै टोलायो
छ न त छ माया मुटुमा देखेर के लायो ।

☞ फर्कि आऊ प्यारा भएन जीवन बत्ती झैँ बल्ला झैँ
म कति बसौं त्यो माउ बिनाको टुहुरो चल्ला झैँ

☞ साहुको ऋणमा रगत अनि पसिना साटौँला
ढुकुरको जोडी झैँ गरी प्यारा यो जीवन काटौँला ।

☞ प्यारो छ वँशीको खेत अनि गैँची र कोदाली
नपुगे खाउँला नि पियारा खोलेमा नुन हाली । इन्दिरा आचार्य,काहुँ ४ सिस्नेरी

## (१०) तीज पर्व

☞ हिन्दु नारी समाजको ठूलो चाँड यो तीज
ध्यान दिएर सुन्नुहोला हाम्रो यो गीत ।

☞ स्कुलमा पढने हामी हो नि सबै बालिका
अनुशासन सभ्यताको पाछौँ तालिका

☞ सस्कृतिको लोप हुदै गा छ हाम्रो देशमा
नयाँ नौलौ विकृतिको आ छ फेसन

☞ तडक भडक गहनाको आयो धेरै जमाना
लाउन पाइन भनेर दुःख नमान

☞ जस्तो सुकै बिग्रिएनी यो देशको फेसन
धेरै पढि ल्याउँछौ हामीले नयाँ चेतना

☞ अरु केही चाहिदैन पढाइदिनु डिग्री पास
आत्म निर्भर भएर खान्छाँ मिठो गास ।

☞ स्वावलम्बी भई हिड्छौँ हामी धेरै पढेर
जस्ता सुकै सामनानि गर्छौं लडेर

☞ पर्ने छैन मलाई रुन जीवन भर कहिले नी
माइती घर हाँसी हाँसी आउँला जहिले नी

☞ चेतनाको विगुल फुक्छु आफै बुझ्ने भएर
सारा नारी बिउँझाउछु पछि गएर ।

☞ जतिसुकै स्वतन्त्र दिए पनि नारीलाई
पुरुषकै दासी हुनु पर्छ बरिलै । सरिता लामीछाने

## (११) नारी हक

☞ उठ अब नारीहरु आफनो हक लिन लाई
हेपिएर बस्ने बेला अब गयो है ।

☞ पुरुष सरह अधिकार पाउँनु पर्छ हामीले नी
अन्याय सहेर बस्नु हुन्न नी ।

☞ ढुङगे युग फेरिएर वैज्ञानिक युग आयो
गाउँ घरमा चेतनाको लहर फैलियो ।

☞ नारीका हक अधिकार भाषणमा सीमित छन्
व्यवहारमा अझै पनि नारी पिल्सिएका छन् ।

☞ आधा आकाश ढाक्ने नारी पुरुष भन्दा कम छैनन्
पुरुष सरह देश चलाउन यिन लेनि सक्दछन् ।

☞ हत्या हिम्सा अन्त्य भई पाईयोस् हक अधिकार
ह्राम्रो गित सकियो सबलाई नमस्कार । अनिता थापा

## (१२) विकृति

☞ बर्ष दिनको तीज आयो दीदी बहिनी भईयो भेट ।
के के किन्यौ दिदी बहिनी गहनाको सेट ॥

☞ झुम्का हार बालाको सेट मिल्यो भन्छौ संगी हो
आफुलाई त चुरा पनि कस्तो महङ्गियो ।

☞ दिदी बहिनी दुःख सुख बाँडी गीत गाँउने हो।
तीज आएनी फेसन बरु नदेखाउने हो ॥

☞ फेसन छाँटी हिंडने को त चल्याछ र कसको नाम
महिला माथि उठाउने गरौं बरु काम ।

☞ न गहना लाउने रहर न फेसनले छोको छ ।
धनि गरिब समान भएको हेर्नृ धोको छ ॥

☞ पीडितलाई हेरैा बरु फेसनलाई नहेरौं ॥
आर्थिक संकट पारी पारी फेसन नफेरौं ॥

☞ राम्रो लगाउने श्रीमतीको इच्छा पूरा गर्नलाई ।
भ्रष्टाचारको रोग लाग्या छ पुरुष वर्गलाई ॥

☞ भष्टाचार गरी गरी राम्रो हुन पर्ने रे ।
आफँ खाने आफैं लाउने गरिब मर्ने रे ॥

☞ एक पेट खान पाए पुग्छ चाहिदैन परिकार ।

तर हाम्रा छुटेका चाहियो अधिकार ॥

☞ पुरुष वर्त नबसेनि नारी बाँचि रहेकी छे ।

अन्याय सहेरनि हाँसी रहेकी छे ॥

☞ चुरा पोते धेरै लाउँदा आयु बढे स्वामीको ।

किन चाहियो उपचार डाक्टर धामीको ॥

☞ बिरामी परे पनि चुरा पोते लगाए भो ।

आयु बढ्न व्रत बसी चोखो खाए भो ॥

☞ नरिसाउनु दिदी बहिनी विरोध गरी भनेर ।

कति बसौँ पुरुषको भक्ति बनेर ॥

☞ चेतनाले छोडिदिए हुन्थो हाम्रो समाजलाई ।

इति भन्दै बिदा हुन्छौँ हस्त आजलाई ॥ राधिका आचार्य

## (१३) दाइजो

☞ पहिलो स्वागत गर्छौं हामी राधा कृष्ण मन्दिरलाई

दोस्रो स्वागत गर्छौं हामी निर्णायक मण्डललाई

☞ सबै मिलि जोगाउनु पर्छ तीजको पर्वलाई

स्वागत नमस्कार गर्छौ दर्शक वर्गलाई ।

☞ नारीको पिडा पोख्छु तीज गीतको लयमा

माफी दिनु होला हजुर गल्ती भएमा ।

☞ कुन कुराको बर्णन गरौ गरी साध्य छइन

विकृति र विसंगतिको सुन वयान ।

☞ भाषणमा भन्ने गर्छन नारी पुरुष बराबर

ब्यबहारमा नारी सधै दासी सराबर ।

☞ जता हेरयो उतैतिर विकृतिले छोईराछ ।

सोम्फा साम्फा नारीको आत्म रोइराछ ।

☞ अधिकांश नारीलाई क को अक्षर थाहा छैन

चेलीका आँसुले बाटा पाइदैन ।

☞ बोलकबोल धनसम्पति घरमा नहयाउँदा खेरी
   रुनुपर्छ बुहारीले दिनको तिनफेरी ।

☞ धर्म कर्म सुसंस्कृति सबै हाम्रा महान
   जोगाउन लाई पर्छ हामीले बनी समान ।

☞ नारी सक्षम भएदेखि दाईजो किन चाहिन्छ ।
   स्वावलम्वी बनेर जीवन बिताइन्छ ।

☞ नारीहरु एकजुट भई एकतामा बढौँ न
   दाइजो प्रथा विरोधमा अघि बढौ न ।

☞ समान स्तर कायम गर्ने हाम्रो हो यो चाहना
   चेतनाको लहर छाओस यही छ कामना । पार्वती लामीछाने

## (१४) नारी जागरण

☞ सर्वप्रथम नमस्कार आयोजक सस्थालाई
   दोस्रो दर्शन निर्णायक र सबै वर्गलाई

☞ हामी धेरै सम्मान गर्छौ निर्णायक गुरुलाई
   महिला हिंसा बिरुद्रको गीत गाउँछौ है ।

☞यो सस्थाले महिला हितमा धेरै काम गदैछ
   बाल शोषण बिरुद्धमा पनि लडदै छ ।

☞बहु बिहे गर्नेलाई कडा कारवाही गदैछ ।
   कानुनले नि धेरै सजाय यसलाई गदैछ ।

☞ सुन्नुहोस दाजु भाइ बहिनी एउटा पुकार सुन्नुहोस
   दाइजो होईन छोरीलाई पढाई दिनु होस ।

☞ स्वावलम्बी भई हिडछौ हामी धेरै पढेर
   जस्तोसुकै सामनानि गर्छौ लडेर

☞ दाईजो माग्ने केटा आए दिन्छौ जवाफ डटेर
   हिडने छैनौ समाजमा पछि हटेर ।

☞ यो समाजमा दाइजो प्रथा हटाएनन साराले

कति दाइजो दिन्छन् नानी तिम्रो बा बाले

☞ हामी जस्ता केटाले त धेरै दाइजो लैआएका छन्
श्रीमतीको सम्पतिमा टन्न खाका छन् ।

☞ दाइजो माग्ने केटाको त भर हुँदैन कहिलेनि
कैयौँ चेली मारीराको सुन्छौ जैलेनी ।

☞ यौन दुर व्यव्हार गर्छौं तिमीहरु जस्ताले
अब कडा कारवाही गर्छ हाम्रो संस्थाले

☞ महिला हिंसा हटाउदै अघि बढनु प्रर्दछ
सशक्तिको प्रचार प्रसार सबै गर्नुछ ।

☞ सुन्नुहोस हाम्रा यस समाजका सबै मानुभावले
बिबाह गर्दा दाईजोको कुरा गर्नाले

☞ विकृतीलाई हटाएर बनाउछौँ देश चमत्कार
यति भन्दै बिदा हुन्छौँ सबलाई नमस्कार । संगीता लामीछाने

## (१५) सौता सौताको झगडा

☞ महिला महिला बीचमा सधँ हुने गर्छ झगडा
झगडाको बिउ रोप्न पुरुष तगडा ।

☞ सौता सौता हामी दुबैमा हुन्छ सधै झगडा
म भन्दा त यस कुरामा यही छ तगडा ।

☞ दि.-आएको दुई दिन भएको छैन मेरो पोइ र तेरो पोइ
कत्रो दाइजो ल्याएकी छस् र बोल्छेस् अघि आई ।

☞ ब.-तिमीसंग खुसी छैनन् मेरा बुढा कहिले नि
भट्टीतिर जाँदा मलाई भन्थे जहिलेनि ।

☞ दि.-हेर हेर लाज नभएकी मुख लाउछे चोथाले
बसी मिठो खान खोज्छे यसका मुखले ।

☞ ब.- मुख समाली बोल्ने गर भन्ने होइन त्यसरी

के खाई देकी छु र गाली गर्छौ बेसरी ।

☞ दि.- एक छिन भेट हुन हुन्न गर्छौ तिमीले गनगन

यसै गरि झगडा गरे कपाल रहन्न ।

☞ ब.- लौ लौ हेरम् यत्रो खुवी रै छ तिमी संग त

मेरो हातमा पनि दहीजमेको छैन अब त

☞ दि.- देखिस् मेरो पावर तैँले आइथिस् यहा के खान

देखाउँछु भन्थिस शक्ति अब देखान ।

☞ ब.- मैले मात्र सक्छु भन्थिस् तलाई तह लगाउन

गुहार माग्न को आएर मलाई सगाउन ।

☞ ब.- दि.- के को कमि थियो  ममा ल्याथेउ तिम्ले यसलाई

जगरसाडा बनि खान खोज्दैछे मेसैलाई ।

☞ ब.-जेठी तिमी घरको लागी कान्छी मेरी मोडल

फेस बुक बाट कुरा गर्दा ल्याए स्टाइकर ।

☞ दि.-के देखेर आइथिस् यहाँ रक्सि खाने पोइ संग

जस्ता पनि पाउँथिस् तैले यस्ता बैँसमा ।

☞ ब.-अब यिनलाई त्यस्तो हुन दिन्न मैले कहिले नि ।

सुध्रिएको देख्न पाउँछेउ तिम्ले जहिलेनि ।

☞ जेठी कान्छी तिमी दुबै मिल्नु पर्छ अब त

तिनवटा मुटु एकै चोटी चलाऊ रगत ।

☞ समझदारी बन्ने हामी वाचा आज दिदैछौँ ॥

सबका सामु अब हामी बिदा हुँदैछौ । कान्छी दिदी

## (१६) जेठानी देउरानी बीचको कच कच

☞ घुम्दै फिर्दै तीज आयो बर्ष दिनमा अहिलेनि

सबैलाई शुभकामना दिन्छौ पहिले नै ।

☞ हामी धेरै सम्मान गर्छौ निणार्यक गुरुलाई

जेठानी र देउरानीको गीत सुन्नु है ।

☞ जेठानी र देउरानीमा हुन्छ सधै झगडा
जगरसाडा यो देउरानी धेरै तगडा ।

☞ जेठानी हौ सासुको झैँ हक चलाउन नखोज
तिम्रो जति मेरो पनि हक छ यो घरमा ।

☞ क को अक्षर नजान्नेले भन्यो मलाई बेसरी
के जानेकी छौ र फुर्ति लाउँछेउ यसरी ।

☞ नपढेनि घरको व्यवहार आज सम्म चलाई छु
तेरो पोइलाई मैले डिग्री सम्म पढाईछु ।

☞ पढदै छु अहिले मत किन परयो कमाउन
श्रीमानको कमाईले नै पुग्छ रमाउन ।

☞ काम गर्ने रङ्ग ढङ्ग छैन केही अक्कल
हेर्दा हेर्दै वाक्क भएँ यसको नक्कल ।

☞ जस्तो सुकै सामना नी गर्छु मैलै पढेर
पर्ख तिम्लाइ जागिर खान्छु आयोग लडेर ।

☞ किन मलाई हरेक क्षणमा तल तल पारेकी
यो घरको संरक्षण मैले गरेकी ।

☞ किन पार्नु छ र तल तिमी मेरी दिदी हौ ।
आज सम्म तिमीले दुःख गरी रहकी छौ. ।

☞ तिम्रो बिचार गर्न बहिनी यति सम्म भनेकी
छैन वहिनी तिम्रो मैले रिस गरेकी ।

☞ हामी दुवै दिदी बहिनी मिलौ सधै बेसरी
नमुना भै देखाउनु पर्छ यसरी ।

☞ दिदी वहिनी मिलिजुली बस्छौ हामी अब त
दाजु भाईको एउटै होनि रगत ।

☞ समाजमा मिलीजुली बस्ने वाचा गर्दछौँ ।
यति भन्दै अब हामी बिदा हुदँछौ । प्रभा लामीछाने

## (१७) म त खाते केटी

बोल :फेरि पनि आइपुग्यो तीज हजुर छियाँ-छियाँ परेको यो मन पोल्नलाई

मुटुभरि व्यथा र वेदना छ दिल खोलेर सकेकी छैन बोल्नलाई

☞ पहिलो स्वागत गर्छौं हामी अतिथि र आयोजकलाई

दोस्रो स्वागत गर्छौं हामी उपस्थिति सवै वर्गलाई

☞ अकेली हुँ टुहुरी म, सवले भन्छन् खाते मेरो नाम

थोत्रा फलाम, कापी, किताब, वोरा खोज्दै हिँड्ने मेरो काम

☞ खाली खुट्टा, मैला लुगा सडकपेटी गल्ली गल्लीमा

सारङ्गी भैँ भोको पेटमा रुदैँ हिड्छुँ हल्ली हल्लीमा

☞ चार वर्षकी नहुदैँ म, आमा वितिन् भइन् स्वर्गेवास

बाले पनि चिम्ले आँखा एक्लै भए गरौँ कसको आस

☞ हिँड्न थाले सडकपेटी पाल्न थाले मागेर यो पेट

सुख, सन्तोष, अमन, चयनसँग कहिल्यै भएन नि भेट

☞ साथीमेरा टालाटुली, जुठा भाँडा बलेनीको भल

मेरालागि स्कुल पढ्ने रहर भयो, आकाशको फल

☞ पोखरीको मौलाजस्तै, एक्लो जीवन छैन कोहीको साथ

बाबु-आमालाई सम्भी रुँदै सडकपेटीमा काटेँ धेरै रात

☞ खाते भन्दै सुत्न दिन्नन्, पुलिस अंकलले सडकपेटीमा

हरे दैव के दोष थियो र यस्तो विग्न केटाकेटीमा

☞ नबाउआमा, नदाजुभाइ, नमावली, दुःख बिसाउनी

कसैसँग मनको बह पोखौँ भने नि सबै रिसाउनी

☞ सबै जान्छन् स्कुलमा, कापी, कलम, झोला बोकेर

काँधमा बोरा छ सडक पेटीमा रुन्छु एक्लै छाती ठोकेर

☞ म पनि स्कुल जान्थेँ होला जिउँदै भाको भए मेरा बाउ-आमा

एउटी निर्दोष चेलीमाथी कस्तो घात गर्‌यौ हे राम

☞ धर्मै लाग्थ्यो यो खातेलाई घरमा लगी बढाइदिएनि

गुनको पैँचो तिर्थें होला आज क ख पढाइदिएनि

☞ कर्म आफ्नै खोटी रैछ अब मैँले कसलाई दिँउ र दोष

मेरो जस्तो यो दुर्दशा कोही चेलीले भोग्न नपरोस्  धन्यवाद ।